# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## कोहलपुर नगरपालिका
## बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
प्रदेशिक लेखापरीक्षण महाशाखा, लुम्बिनी प्रदेश

पत्र संख्या: २०७८।७९ | मिति: २०७९।३।२४
च.नं. 964

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
कोहलपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,
बाँके ।

**कैफियत सहितको राय**

हामीले कोहलपुर नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड ६३ लाख १६ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८-१२-१६ मा प्राप्त प्रतिकियाबाट रू.१ लाख १५ हजार फछ्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३२ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३६ लाख ७० हजार, नियमित गर्नुपर्ने रू.२ करोड ५४ लाख ५५ हजार र पेश्की रु. १ करोड ३८ लाख ५९ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.१८ करोड ३७ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू रु.५ करोड ६२ लाख ०१ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२३ करोड ९९ लाख ७३ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

CS Scanned with CamScanner

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कोहलपुर नगरपालिका को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रामग्राम नगरपालिका को उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १५ वडा, ७६ सभा सदस्य, १८४।२६ वर्ग कि मि क्षेत्रफल तथा ७०,६४७ हजार जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिका ले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| आर्थिक बर्ष २०७६/०७७को एकिकृत आर्थिक बिबरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आय तर्फ | | | सिं.नं. | ब्यय तर्फ | | |
| | बिबरण | रकम | जम्मा रकम | | बिबरण | रकम | जम्मा रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | | **११७१२३२४९.८** | | **खर्च** | | ७९२४१३७३३.१ |
| | क. नगद | ० | | १ | **राजस्व (आन्तरिक आय)** | | २२८८७३३१४ |
| | ख. बैंक | ११७१२३२४९.८ | | | क. आन्तरिक राजस्व | १९२२०७३१४ | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१७४३७४०७४.९** | | ख. जिल्ला समन्वय समिति | ३६६६६००० | |
| | क. आन्तरिक राजस्व | ६८७२८८९९.१४ | | २ | **राजस्व बाँडफाँड** | | **१००६८८५८१.४** |
| | **ख. मालपोत रजिष्ट्रेशन** | **४७०९६९६४.६** | | | क. राजस्व बाँडफाँड संघीय सरकार | ८९४२२५५३.४ | |
| | ख.१. गत बर्षको बाँकी रजिष्ट्रेशन शुल्क | २१९४८२११.२ | | | ख. राजस्व बाँडफाँड प्रदेश सरकार | ११२६६०२८ | |
| | ग. जिल्ला समन्वय समिति | ३६६००००० | | ३ | **वित्तिय हस्तान्तरण- संघीय सरकार** | | **४२०७३२९९०.७** |
| ३ | **राजस्व बाँडफाँड** | | **१११३४८६९२.५** | | क. बितिय समानिकरण अनुदान | १३५९४७८८३.७ | |
| | **क. राजस्व बाँडफाँड संघीय सरकार** | **८९२२५२२५.१५** | | | ख. शसर्त अनुदान | २७३७७७६३४ | |
| | क.१. गत बर्षको बाँकी राजस्व | ६४२२०२४.१९ | | | ग. समपुरक अनुदान | ५२२६५४२ | |
| | क.२. वन क्षेत्रको रोयल्टी | १२९२०९३ | | | घ. बिशेष अनुदान | ५७८०९३१ | |
| | क.३. आन्तरिक बाट सापटी / फिर्ता | ० | | ४ | **वित्तिय हस्तान्तरण- प्रदेश सरकार** | | **४२११८८४७** |
| | **ख. राजस्व बाँडफाँड प्रदेश सरकार** | **१३७८५६८५.९३** | | | क. बितिय समानिकरण अनुदान | ४९३००० | |
| | ख.१. गत बर्षको बाँकी सवारी कर | ६२३६६४.१८ | | | ख. शसर्त अनुदान | २०९८३७५४ | |
| ४ | **वित्तिय हस्तान्तरण- संघीय सरकार** | | **४९५०९८०००** | | ग. समपुरक अनुदान | १५०३५२२६ | |
| | क. बितिय समानिकरण | १९१५००००० | | | घ. बिशेष अनुदान | ५६०६८६७ | |
| | ख. शसर्त अनुदान | २७४९३१००० | | ५ | **बिभिन्न कोष तर्फको खर्च** | | **४०५५३१९७** |
| | ग. समपुरक अनुदान | १३३००००० | | | ग-२.७ बिबिध कोष खाता | १३२६८८८९ | |
| | घ. बिशेष अनुदान | १५३६७००० | | | ग-७.१ आकस्मिक कोष खाता | ७४५५००० | |
| ५ | **वित्तिय हस्तान्तरण- प्रदेश सरकार** | | **१११०३५०००** | | ग-७.२ प्रकोष व्यवस्थापन कोष खाता | १९८२९३०८ | |
| | क. बितिय समानिकरण अनुदान | ५१४२००० | | | ग-५.१ बिबिध कोष खाता | ० | |
| | ख. शसर्त अनुदान | ८१०००००० | | ६ | **धरौटी फिर्ता** | | **२६९३१४८** |
| | ग. समपुरक अनुदान | १७९५६००० | | | **६.१.फिर्ता** | **२६९३१४८** | |
| | घ. बिशेष अनुदान | ६९३७००० | | ७ | **खर्च गर्न बाँकी रकम फिर्ता** | | **९०३७८१२५** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | क. आ.ब.२०७५/०७६ को सा.सु. भत्ता तर्फ | ३११९३०७ | |
| ७ | **वित्तिय व्यवस्था प्राप्ति** | | | | ख. आ.ब.२०७५/०७६ को प्रदेश शसर्त तर्फ | ४१७८७७२ | |
| | क. ऋण प्राप्ति | ० | | | ग. आ.ब.२०७६/०७७ संघीय सरकार | १८८१२८९३ | |
| | ख. साँवा प्राप्ति | ० | | | घ. आ.ब.२०७६/०७७ प्रदेश सरकार | ६४२६७१५३ | |
| | ग. ब्याज प्राप्ति | ० | | ८ | **मौज्दात** | | १९०७६३७१४.३ |
| | घ. अन्य प्राप्ति | ० | | | ८.१. संचित कोष बाँकी मौज्दात | १८९१३००७ | |
| ८ | **बिभिन्न कोष तर्फको आय** | | ९२९८८९२१.९८ | | ८.२. चालु खातामा बाँकी मौज्दात | ४७०७०३३.४७ | |
| | ग-२.७ बिबिध कोष खाता | ३९८६३२९६ | | | ८.३. पँजिगत खातामा बाँकी मौज्दात | ७३९५७०९४.४४ | |
| | ग-७.१ आकस्मिक कोष खाता | १२२३६१०० | | | ८.४. बिभिन्न कोष तर्फ बाँकी मौज्दात | ५२४३५७२४.९८ | |
| | ग-७.२ प्रकोष व्यवस्थापन कोष खाता | ३२५६०४१२.१२ | | | ८.५. धरौटी मौज्दात | १२१४०८३० | |
| | ग-५.१ बिबिध कोष खाता | ८३२९११३.८६ | | | ८.६. आन्तरिक राजस्व खाता मौज्दात | २८६१००२४.३८ | |
| ९ | **बिषयगत निकाबाट प्राप्त रकम** | ० | | | | | |
| १० | **जनसहभागिता नगद** | ० | | | | | |
| ११ | **धरौटी आय** | | १४८३३९७८ | | | | |
| | **११.१ आम्दानी** | १४८३३९७८ | | | | | |
| १२ | **लगानी साँवा फिर्ता** | ० | | | | | |
| **जम्मा** | | | १११६८०१९१७ | **जम्मा** | | | १११६८०१९१७ |

| दफा | गो भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालयको जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ ।लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८-११-१३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् । | |
| १. | **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिका ले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।<br>**क)** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार नभएका कार्यहरु<br>१.सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमको कार्य नभएको ।<br>२.एक सय वाट सम्मको एफ.एम. रेडियो सञ्चालन अनुमती नवीकरण नियमन र खारेजी सम्बन्धी कार्य नभएको ।<br>३. प्रदेश कानूनको अधीनमा रही एफ.एम. सन्चालन सम्बन्धी अन्य कार्य नभएको ।<br>४. ट्रेडिङ्ग कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्याफ्टिङ्ग, मोटरवोट, केबुलकार लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्लालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क निर्धारण संकलन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>५. जडिबुटी कवाडी र जीवजन्तु कर निर्धारण तथा संकलन सम्बन्धी कार्य नभएको ।<br>६. राजस्व सूचना तथा तथ्यांकको आदानप्रदान सम्बन्धमा कार्य नभएको ।<br>७. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति कानून मापदण्ड र नियमन सम्बन्धी कार्य नभएको ।<br>८. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति कानून मापदण्ड र नियमको कार्य नभएको ।<br>९. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड सेवा शर्त योजना कार्यान्वयन र नियमन सम्बन्धमा कार्य नभएको ।<br>१०. स्थानीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण गर्ने सम्बन्धमा कार्य नभएको ।<br>११. स्थानीय तथ्याक सम्बन्धी नीति कानून मापदण्ड योजना कार्यान्वयन र नियमन तथा आधारभुत तथ्यांक संकलन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१२. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति कानून मापदण्ड तर्जुमा कार्यान्वयन अनुगमन | |

| | | |
|---|---|---|
| | मुल्याङ्कन र नियमन सम्बन्धी कार्य नभएको ।<br>१३. आयोजनाको अध्ययन अनुसन्धान तथा प्रभाव मूल्यांकन सम्बन्धी  कार्य नभएको ।<br>१४. संघीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास बस्ती विकास र भवन सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा आयोजना पहिचान अध्ययन कार्यान्वियन र नियमको कार्य नभएको ।<br>१५. संघीय र प्रदेश स्तरीय आयोजना तजा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग समब्नधमा कार्य नभएको ।<br>१६. गुठी र सहकारी विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धमा कार्य नभएको ।<br>१७. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने सम्बन्धमा कार्य नभएको ।<br>१८. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पत्तीको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१९. ट्यूसन कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्ययन सेवाको अनुमती तथा नियमनको सम्बन्धमा कार्य नभएको ।<br>२०. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>२१. आधारभुत स्वास्थय र सरसफाइ तथा पोषण सम्बन्धी नीति कानून मापदण्ड योजनाको तर्जुमा कार्यान्वियन तथा नियमको कार्य नभएको ।<br>२२. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन सम्बन्धी कार्य नभएको ।<br>२३. स्वास्थ्यमा फोहोरमैला संकलन पुन उपयोग प्रशोधन विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको सम्बन्धमा कार्य नभएको ।<br>२४. रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालनको सम्बन्धमा कार्य नभएको ।<br>२५. सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसंगको समन्व्य सहकार्य र साझेदारी सम्बन्धी कार्य नभएको ।<br>२६. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन अनुमती अनुगमन तथा नियमनको कार्य नभएको<br>२७. स्थानीय वस्तुहरुको उत्पादन आपुर्ती तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन सम्बन्धी कार्य नभएको ।<br>२८. स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माणको कार्य नभएको ।<br>२९. स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुस्नधान सम्बन्धी कार्य नभएको ।<br>३०. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण प्रवर्द्धन र अभिलेखाङ्कन सम्बन्धी कार्य नभएको ।<br>३१. उपभोक्ता अभिवृद्धि लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण सम्बन्धी कार्य नभएको ।<br>३२. वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना तर्जुमा तथा त्यसको कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।<br>३३. स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण सम्बन्धी कार्य नभएको ।<br>३४. स्थानीयस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गर्ने कार्य नभएको ।<br>३५. स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।<br>३६. स्थानीय ग्रामिण तथा कृषि सडक र सिचाई सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको । | |

३७. स्थानीय ग्रामिण तथा कृषि सडक झोलुङ्गे पुल पुलेसा सिचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन मर्मत सम्भार र नियमन सम्बन्धी कार्य नभएको ।

३८. स्थानीयस्तरका सिंचाइ प्रणालीको निर्माण सञ्चालन रेखदेख मर्मत सम्भार स्तरोन्नति अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।

३९. यातायात सुरक्षाको व्यवस्थापन र नियमनको सम्बन्धमा कार्य नभएको ।

४०. स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका बिषयमा संयुक्त समिति गठन गर्ने कार्य नभएको

४१. नगरपालिका  तथा नगरपालिका लाई आर्थिक व्ययभार पर्ने विषयको नियमन सम्बन्धी कार्य नभएको

४२. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति कानून मापदण्ड योजनाको निर्माण कार्यान्वयन अनुगमन र नियमन गर्ने कार्य नभएको ।

४३. जनसांख्यिक प्राकृतिक आर्थिक सामाजिक सांस्कृतिक भौतिक पूर्वाधार रोजगारीको अवस्था कुल ग्राहस्थ उत्पादन प्रतिव्यक्ति आय मानव विकास तथा लैङ्गिक सशक्तिकरण सुचकांक राजस्वा तथा आयव्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता नक्साको अद्यावधिक अभिलेख सम्बन्धी कार्य नभएको ।

४४. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालनको कार्य नभएको ।

४५. सार्वजनिक सम्पत्ति सामुदायिक सम्पत्ति भवन सडक पसल व्यवसायको विवरण सहितको अभिलेख सम्बन्धी कार्य नभएको ।

४६. आफ्नो क्षेत्रभित्र सम्पन्न् भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्याविधक अभिलेख सम्बन्धी कार्य    नभएको ।

४७. स्थानीय जग्गाको नापनक्सा कित्ताबाट हाल साविक रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज सम्बन्धी कार्य नभएको

४८. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन सम्बन्धी कार्य नभएको ।

४९. भुमिको वर्गीकरण अनुसारको लगत व्यवस्थापन सम्बन्धी कार्य नभएको ।

५०. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ती मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गर्ने सम्बन्धमा कार्य नभएको ।

५१. नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण गर्ने सम्बन्धमा कार्य नभएको ।

५२. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य नभएको ।

५३. कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण र पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थजापन सम्बन्धी कार्य  नभएको ।

५४. उच्च मूल्याङ्कन कृषिजन्य वस्तुको प्रवर्द्धन विकास तथा बजारीकरण सम्बन्धमा कार्य नभएको ।

५५. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन एवम् पशु आहारको गुणस्तर नियमन सम्बन्धी कार्य नभएको ।

५६. स्थानीय स्तरमा पशुपंक्षी सम्बन्धी तथ्यांको व्यवस्थापन र सूचना प्रणालीको निर्माण सम्बन्धमा कार्य नभएको ।

५७. पशु वध्यशाला र शीत भण्डारकव व्यवस्थापन र नियमन सम्बन्धी कार्य नभएको ।

५८. पशुपंक्षी सम्बन्धी विमा र कर्जा सहजीकरण सम्बन्धी कार्य नभएको ।

५९. जेष्ठ नागरिक क्लब दिवा सेवा केन्द्र आश्रय केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।

६०. संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनस्थापना केन्द्र जेष्ठ नागरिक केन्द्र तथा अशक्त

| | | |
|---|---|---|
| | स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>६१. सडक बालबालिका अनाथ असहाय अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सञ्चालन व्यवस्थान अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।<br>६२. रोजगार तथा बरोजगार श्रमशक्तिको तथ्यांक संकलन प्रशोधन र सूचना प्रणालीको स्थापना सम्बन्धी कार्य नभएको ।<br>६३. स्थानीयस्तरमा रहेका स्वेदशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>६४. विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्यांक संकलन तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>६५. सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तीको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापनको कार्य नभएको ।<br>६६. वैदेशिक रोजगारीबाठ फर्केका व्यक्तिहरुको सामाजिक पुन एकीकरण र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान सीप र उद्यमशीलताको उपयोग सम्बन्धी कार्य नभएको ।<br>६७. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण व्यवस्थापन र परिचालन सम्बन्धी कार्य नभएको ।<br>६८. स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण सम्बन्धी कार्य नभएको ।<br>६९. स्थानीयस्तरका श्रोत केन्द्रहरुको विकास र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>७०. खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>७१. एक मेगाबाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।<br>७२. स्थानीयतहमा वैकल्पिक उर्जासम्बन्धी नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन नियमनको कार्य नभएको ।<br>७३. स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको<br>७४. स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि र प्रवर्द्धनको कार्य नभएको ।<br>७५. खानेपानी साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको ।<br>७६. स्थानीय स्तरमा विपद पूर्व सूचना प्रणाली खोज तथा उद्दार र समन्वय सम्बन्धी कार्य नभएको ।<br>७७. स्थानीय तटबन्ध नदि र पहिरोको नियन्त्रण तथा नदिको व्यवस्थापन र नियमन सम्बन्धी कार्य नभएको ।<br>७८. विपद् व्यवस्थापनमा संघ प्रदेश र स्थानीय समुदाय संघ संस्था तथा नीजी श्रेत्रसँग सहयोग समन्वय र सहकार्य सम्बन्धी कार्य नभएको ।<br>७९. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजना तर्जुमा कार्यान्वयन अनुगमन र निमयन सम्बन्धी कार्य नभएको ।<br>८०. विपद् पश्चात स्थानीयस्तरको पुनस्थापना र पुन निर्माण सम्बन्धी कार्य नभएको ।<br>८१. स्थानीय स्तरको विपद् सम्बन्धी तथ्यांक व्यव्थापन र अध्यनन अनुसन्धान सम्बन्धी कार्य नभएको ।<br>८२. स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको निर्माण नभएको ।<br>८३. जलाधार वन्यजन्तु खानी तथा खनिज तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति कानून मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी कार्य नभएको ।<br>८४. सामुदियक भु-संरक्षण र सो मा आधारीत आय आर्जन कार्यक्रम सम्बन्धी कार्य नभएको ।<br>८५. भु-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकुलन सम्बन्धि कार्य नभएको । | |

| | | |
|---|---|---|
| | ८६. खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलनको कार्य नभएको । | |
| | ८७. बहुमुल्य धातु पत्थर तथा खनिज पदार्थको संरक्षण र संवर्द्धनमा सहयोग सम्बन्धी कार्य नभएको । | |
| | ८८. भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानय स्तरको नीति कानून मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमनको कार्य नभएको । | |
| | ८९. पुरातत्व प्राचीन स्मारक तथा संग्राहलयको संरक्षण सम्भार प्रवर्द्धन र विकास सम्बन्धी कार्य नभएको । | |
| | ९०. स्थानीय तहका पत्रपत्रिकाको दर्ता अभिलेख र नियमन सम्बन्धी कार्य नभएको । | |
| | ९१. संघीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्ष सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण सम्बन्धी कार्य नभएको । | |
| | ९२. जनरल अस्पताल नर्सिङ्ग एवम निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता सञ्चालन अनुमति र नियमन सम्बन्धी कार्य नभएको । | |
| | ९३. स्थानीयस्तरमा औषधिजन्य वनस्पती जडिवुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन प्रशोधन र वितरण सम्बन्धी कार्य नभएको । | |
| | ९४. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण र नियमन सम्बन्धी कार्य नभएको । | |
| | ९५. स्थानीयस्तरमा औषधियको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध न्यूनिकरणको कार्य नभएको । | |
| | ९६. आयुर्वेदिक युनानी आम्ची होमियोप्याथिक प्राकृतिक चिकित्सा लगायतका परम्पागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको । | |
| | ९७. विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको । | |
| | ९८. खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन सम्बन्धी कार्य नभएको । | |
| | ९९. स्थानीय साना सतह तथा भुमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार सेवा शुल्क र संकलन सम्बन्धी व्यवस्थापनको कार्य नभएको । | |
| | १००. खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी संकलनको कार्य नभएको । | |
| | १०१. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलनकव कार्य नभएको । | |
| | १०२. पानीघट्ट कुलो पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी संकलनको कार्य नभएको । | |
| | १०३. वन जंगल वन्यजन्तु चराजुरुङ्गी जल उपयोग वातावरण पर्यावयरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमनको कार्य नभएको । | |
| | १०४.स्थानीयस्तरमा सामुदायिक ग्रामिण तथा शहरी धार्मिक कबुलियती र साझेदारी वनको संरक्षण संवर्द्धन उपयोग अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धी कार्य नभएको । | |
| | १०५. स्थानीयस्तरमा नदि किनार नदि उकास नहर नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन सम्बन्धी कार्य नभएको । | |
| | १६. स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रमा वृक्षारोपण सम्भार उपयोग र व्यव्थापन सम्बन्धी कार्य नभएको । | |
| | १०७. स्थानीय स्तरमा जडिबुटि तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण उत्पादन संकलन प्रवर्द्धन प्रशोधन र बजार व्यवस्थापनको कार्य नभएको । | |
| | १०८. बनबीउ बगैंचा स्थापना व्यवस्थापन र प्रवर्द्धन सम्बन्धी कार्य नभएको । | |
| | १०९. नर्सरी स्थापना बिरुवा उत्पादन वितरण रोपण र प्रवर्द्धन सम्बन्धी कार्य नभएको । | |

| | | |
|---|---|---|
| | ११०. जैविक विविधताको अभिलेखांकन तथा स्थानीयस्तरमा वन वन्यजन्तु तथा चराचुरुङ्गी अभिलेखाङ्कन र अध्ययन अनुसन्धान सम्बन्धी कार्य नभएको ।<br>१११. मिचाहा प्रजातिको नियन्त्रण तथा रैथनी प्रजातिको संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।<br>११२. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन सिमसार क्षेत्र नटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत व्यवस्थापनको कार्य नभएको ।<br>११३. मानव तथा वन्यजन्तु बीचको द्वन्द्ध व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।<br>११४. स्थानीय प्राणी उद्यान चिडियाखाना को स्थापना र सञ्चालन सम्बन्धी कार्य नभएको ।<br>११५. स्थानीयस्तरमा आरवेटोपद्धार व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>११६. स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा कार्यान्वियन अनुगमन र नियमनको कार्य नभएको ।<br>११७. स्थानीयस्तरमा वातावरणीय जोखिम र न्यूनिकरण प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन र व्यवस्थापन तथा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन सम्बन्धी कार्य नभएको ।<br>११८. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याक र सूचना व्यवस्थापनको कार्य नभएको ।<br>११९. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण सूचना व्यवस्थापन र नियमनको कार्य नभएको ।<br>१२०. स्थानीयतस्तरमा पुरातत्व प्राचीन स्मारक र सङ्ग्राहलय संरक्षण संवर्द्ध र पुन निर्माण सम्बन्धी कार्य नभएको ।<br>१२१. सुकुम्बासीको पहिभान र अभिलेख व्यवस्थापन तथा सुकुम्बासी सम्बन्धी जिविकोपार्जन र बसोबास व्यवस्थापनको सम्बन्धमा कार्य नभएको ।<br>१२२. प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति कानून मापदण्ड तथा नियमनको कार्य नभएको ।<br>१२३. यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति कानून मापदण्ड योजना कार्यान्वियन र नियमन सम्बन्धी कार्य नभएको ।<br>१२४. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण अनुमति नवीकरण खारेजी सेवाको गुणस्तर भाडादर निर्धारण र नियमन सम्बन्धी कार्य नभएको ।<br>१२५. वातावरणमैत्री जलवायु परिवर्तन अनुकुलन विपद् जोखिम संवेद्य अपाङ्गता अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन सम्बन्धी कार्य नभएको ।<br>१२६. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य नभएको ।<br>१२७. संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थीत वस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन सम्बन्धी कार्य नभएको ।<br>१२८. संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा टेलिसेन्टर केबुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमती नवीकरण र नियमन सम्बन्धी कार्य नभएको ।<br>१२९. स्थानीय बस ट्रली बस ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति मापदण्ड योजना कार्यान्वयन अनुगमन र नियमन सम्बन्धी कार्य नभएको ।<br>१३०. राष्ट्रिय रेल पूवार्धारको उपयोग तथा नगरक्षेत्रीय शहरी रेल सेवाको सञ्चालन व्यवस्थापन मर्मत सम्भार समन्वय साझेदारी र सहकार्य सम्बन्धी कार्य नभएको ।<br>**ख)** स्थानीय सरकार संचालन ऐन, २०७४ को अन्य दफा अनुसार नभएका कार्यहरुः<br>• दफा २४ (१) पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि | |

| | | |
|---|---|---|
| | आवधिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू नगरेको,<br>• दफा २४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,<br>• दफा ७६ (५) पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा नपठाएको,<br>• दफा ७८ (५) पालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम संचालन नगरेको,<br>• दफा ८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा नभएको,<br>• दफा ८३ (८) पालिकाले नगर प्रहरी, सवारी चालक,सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन,चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनुपर्ने उल्लेख गरेकोमा सो नगरेको, | |
| २. | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २२ र यो बर्ष थप भएको ३५ गरी कुल ७५ विवाद दर्ता भएकोमा ५३ वटा मात्र फछ्र्यौट भई २२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ३. | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ८ वटा नियमावली, ५२ वटा कार्यविधि ११ निर्देशिक र १ नर्मस लगायत ९२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| | **वित्तीय विवरण विश्लेषण** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी | |

| | | |
|---|---|---|
| | केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५५ जनाको दरबन्दी रहेकोमा १० दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेखेको पाइयो । निजामती सेवा ऐन अनुसार तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिका को नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिका ले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र | |

पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७६।०३।१० गते रु ८० करोड १ लाख १७ हजार ४सय २२रुपैया बजेट सभा समक्ष पेश गरेकोमा पेश गरेकै मिति २०७६।०३।१० मा पारित गरि स्थानीय तहका प्रमुखले २०७६।०४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी छलफल गर्ने पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

६. **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७. **चौमासिक खर्चः -** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।नगरपालिका ले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ७९ करोड २४ लाख १३ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु ११ करोड ६१ लाख ८४ हजार अर्थात १४.६७ प्रतिशत, दोश्रो चौमासिकमा रु. १६ करोड ८३ लाख ५२ हजार अर्थात २१.२४ प्रतिशत र तेश्रो चौमासिकमा रु. ५० करोड ७८ लाख ७५ हजार अर्थात ६४.०९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनामा मात्र रु. २८ करोड ६६ लाख ८८ हजार अर्थात ३६.१८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

रु.हजारमा चौमासिक खर्च

| बजेट उपशिर्षक | कुल खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|
| चालु खर्चतर्फ | ४६,५५,१८ | ८,७१,१२ | ११,२८,६३ | २६,५५,४२ | १४,७८,८१ |
| पूँजिगत खर्चतर्फ | ३२६८९५ | २,९०,७२ | ५,५४,८९, | २४२३३३ | १३,८८,०७ |
| जम्मा | ७९२४१३ | ११६१८४ | १६८३५२ | ५०७८७५ | २८६६८८ |

८. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।देहायको विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ८६.८९ प्रतिशत र वित्तिय सु-शासन र व्यवस्थापनमा सबै भन्दा घटीमा ५३.८ प्रतिशत रहेको छ । यसमा सुधार गरिनु पर्दछ।

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २९९६६८०० | २३५५८७५४ | ७८.६२ |

| | | | |
|---|---|---|---|
| सामाजिक क्षेत्र | ३८६३५०६२२ | ३३३९५९०१४ | ८६.४४ |
| पूर्वाधार विकास क्षेत्र | ४९२२७७५८७ | २५४२२६००१ | ४४.१९ |
| वित्तीय व्यवस्थापन र सुशासन | २५२४२००० | १३५७९१७७.६९ | ५३.८ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १९५८२५११४ | १६७०९०७८६.४ | ८५.३३ |
| **जम्मा** | ११२९६६२१२३ | ७९२४१३७३३.०९ | ६६.९ |

९. **खर्च बिश्लेषणः** पालिकाले यस बर्षको आन्तिरक आय रु.१७४३७४०७४ रहेकोमा गत बर्षको जिम्मेवारी रु.११७१२३२४९ समेत कुल आन्तिरक रु.१८६०४९७३२३ रहेकोमा राजस्व बाँडफाँड र अनुदानबाट रु.७१७४८१६९२ समेत रु.२५७७९७९०१५ आम्दानी भएकोमा चालु तर्फ रु ७९२४१३७३३ र पूँजिगत तर्फ रु.६०१६५००१९ समेत रु १३९४०६३७५२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.५ प्रतिशत रहेको छ।यसबर्ष पदाधिकारी सुबिधामा रु.१५९७१००० खर्च भएको छ जुन आन्तरिक आयको ९.१६ प्रतिशत रहेको छ यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१०. **खर्च मितव्यिता कायम गर्नुपर्ने** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।

| खर्च तर्फ | बार्षिक खर्च |
|---|---|
| मर्मत खर्च | १६००००० |
| ईन्धन खर्च | २५००००० |
| विविध खर्च | २९१४००० |
| अनुगमन खर्च | २५४८००० |
| भ्रमण खर्च | २८६००० |
| सेवा र परामर्श | १४३००००० |
| बैठक भत्ता | ३९९२००० |

- भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो ।
- मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।
- निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।
- विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो
- सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।

यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।

११. **लक्ष्य प्रगति :**कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ३९७ | २५ | ६७ | ६८ | २३७ |

१२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

१३. **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिका ले यस बर्षको आन्तरिक लेखापरीक्षण गराएको पाइएन। तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइनु पर्छ ।

१४. **आन्तरिक लेखापरीक्षण शाखा** प्रत्येक स्थानिय तहले आफ्नो आन्तरिक कारोवार आन्तरिक जाच एव आर्थिक कार्य प्रणालि प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखाको गठन गर्न सक्ने र उक्त शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भइ वित्तिय जोखिम वढ्ने सभावना रहन्छ । पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको नदेखेकीएकोले उक्त शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एव वित्तिय जोखिम न्यूनिकरण तर्फ ध्यान दिनुपर्दछ ।

१५. **साना / टुक्रे योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफ २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बाषिर्क योजना २०७७।७८ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ ।

| जम्मा योजना सख्या | रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | २ लाख देखि ५ लाख सम्म | ५ लाख देखि १० लाख सम्म | १० लाख भन्दा माथी |
|---|---|---|---|---|---|
| | १ | ३८ | ८६ | ४१ | ६६ |

उल्लिखित विवरण अनुसार नगरपालिका ले यस बर्ष रु १ लाख भन्दामुनीका १ वटा योजना र १० लाखभन्दा माथिका ६१ वटा मात्र योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजना सञ्लान गर्दा कार्यालयका जनशति बर्षैभरी योजना व्यवस्थापन खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका

| | | |
|---|---|---|
| | कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १६. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १७. | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ८३ जना कमर्चारीहरुलाई करारमा राखी रु.१३३०००००।०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धि पदमा मात्र करारवाट सेवा लिन सकिने र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेकोछ।स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा ५४ जना नियुक्ति गरी वर्ष रु ६५०००००लाख खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु. | ६५००००० |
| १८. | **प्रोत्साहन भत्ता-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले विभिन्न ४४ जना कर्मचारीहरुलाई मासिक तलव स्केलको १० प्रतिशतले हुने रकमले १२ महिना भूक्तानी भएकोले थप व्ययभार पर्न गएको रु. | १४२८००० |
| १९. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

२०. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार २२ वटा ऐन ८ वटा नियमावली र ५२ बटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १६०३ |
| मृत्युदर्ता | ३५० |
| बसाईसराई दर्ता | ५०३ |
| विवाह दर्ता | ५०३ |
| सम्बन्धविच्छेद दर्ता | २१ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | १६ कि.मि. |
| कालोपत्रे सडक मर्मत | ५०० मिटर |
| ग्राभेल सडक निर्माण | २२ कि.मि. |
| ग्राभेल सडक मर्मत | ५ कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२१. स्थानीय तहका पदाधिकारी सुविधाः- नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.६२,४९,००० सुविधा भुक्तानी भएको छ ।

२२. **खाना तथा विविध खर्चः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ७९,१५,२१६।४० खर्च गरेको छ ।यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्दछ ।

२३. **आर्थिक सहायताः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस वर्ष पालिका वाट रु १५,४७,२०२।०० प्रकारको खर्च नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

२४. **अनुदान फिर्ता, वितरण र उपयोगः-**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७७ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ मिति २०७७।४।१५ रू.१८८१२८९३।०० र प्रदेश सरकार तर्फ मिति २०७७।४।१३ मा रु ६४२६७१५३ फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| | शसर्त | २७४९३१००० | २७३७७६३४ | ११५३३६६ |

| | | | | |
|---|---|---|---|---|
| संघीय सरकार | विषेश | १५३६७००० | ५७८०९३१ | ९५८६०६९ |
| | समपुरक | १३३००००० | ५२२६५४२ | ८०७३४५८ |
| प्रदेश सरकार | शसर्त | ८१०००००० | २०९८३७५४ | ६००१६२४६ |
| | विषेश | ६९३७००० | ५६०६८६७ | १३३०१३३ |
| | समपुरक | १७९५६००० | १५०३५२२६ | २९२०७७४ |

२५. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १९६२७६१५६।६९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । कार्यालयले बार्षिक खरिद योजना छ तर सोही अनुरुप कार्यान्वयनमा आएको देखिएन । त्यस्तै कार्यालयले खरिद गुरुयोजना बनाएको छैन ।अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद कार्य व्यवस्थित र प्रभावकारी हुने गरी कार्यान्वयन गर्नुपर्दछ ।

२६. **आयको अनुमान**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ६४५००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु ५४४४२२६२।४३ अर्थात अनुमान भन्दा १६ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२७. **आन्तरिक आय**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४२०७३२९९०।७० | ६८७२८८९९।१४ | १६।३३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १६।७७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२८. **असुल गर्न बाँकी आय -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । नगरपालिका ले देहायको ठेक्का लगाई सेवा सञ्चानलन गर्न दिएको ठेक्का सम्झौता बमोजिमको आय असुल भएको देखिएन । अतः सम्झौता वमोजिम असुल हुनु पर्ने रकम रु. १५७०८३४

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | गत बर्ष सम्मको बाँकी | यस बर्ष असूली | बाँकी रकम | यो बर्ष सम्मको बाँकी | कूल बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | कोहलपुर एग्रो मिट प्रोसेसिङ्ग एण्ड सप्लायर्स | नगरपालिका बिज्ञापनकर | | ११,६२,०००/- | | ११,६२,०००/- | ११,६२,०००/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | कोहलपुर एग्रो मिट प्रोसेसिङ्ग एण्ड सप्लायर्स | डिजिटल विज्ञापन सम्बन्धि | | ४,०८,८३४ | | ४,०८,८३४ | ४,०८,८३४ | |
| | | | | | | कुल जम्मा | १५७०८३४ | |

२९. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| सम्पत्ति कर | १०,०००,००० | १६,०७३,०७३.८८ |
| भुमीकर/मालपोत | १७,५००,००० | १७,९५९,६२०.२१ |
| घरबहाल कर | ७,५००,००० | ४,९५२,४३७.११ |
| बहाल बिटौरी शुल्क | ४,०००,००० | ९६२,०६५.२५ |
| साना सवारी साधन कर | ५००,००० | - |
| अन्य मनोरन्जन कर | १००,००० | - |
| बांडफांडबाट प्राप्त हुने विज्ञापन कर | १,५००,००० | १३,६०० |
| जडीबुटी,कवाडी र जीबजन्तुकर | २००,००० | १००,००० |
| सरकारी सम्पतिको बहालबाट प्राप्त आय | २५०,००० | ३४९,३६७ |
| अन्यबिक्री बाट प्राप्त रकम (राजपत्र,पुस्तक,नक्शा आदी)ढुंगा,गिटी बालुवा बिक्री समेत | २५०,००० | १२,११५ |
| नक्सा पास दस्तुर | ८,५००,००० | ७,५२८,२७९.६८ |
| सिफारिश दस्तुर | ५,५००,००० | २,५२१,३१०.८१ |
| व्यक्तिगत घटना दर्ता बिलम्ब दस्तुर | ४५०,००० | ५३,१५० |
| नाता प्रमाणित दस्तुर | ३०,००० | ५४,५०५ |
| अन्य दस्तुर | ७५०,००० | १,०४३,९९६.७५ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५,५००,००० | २,५१८,७७७ |
| न्याकि दण्ड जरिवाना र जफत | २०,००० | ११,१८८ |
| प्रशासनिक दण्ड,जरिवाना र जफत(ठेक्का पट्टा | ५००,००० | ८३,१५० |
| अन्य आय | ९५०,००० | १९८,७२५ |
| सामूदाकि बन पैदावार बिक्रिबाट | ५००,००० | ६,९०१.७४ |
| जम्मा | **६४,५००,०००.००** | **५४,४४२,२६२.४३** |
| नगरपालिका बाट संकलन नभई सिधै बैंक खातामा जम्मा भएको अन्य आन्तरिक आय | **-** | १४,२८६,६३६.७१ |
| **कुल जम्मा** | ६४,५००,०००.०० | ६८,७२८,८९९.१४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३०. **स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन गर्न सकियो । अभिलेख प्रणाली व्यवस्थित गरी राख्नुपर्दछ ।

३१. **राजश्व दाखिलाः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ (३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथे सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन सम्म दिला गरेको भए १० प्रतिशत, १० दिन भन्दा ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही

<table>
<tr><td></td><td>समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालयले पालिकास्तर र सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैक दाखिला गरेको विवरण भिडान गरेको छैन ।विवरणमा भिडान गर्ने कार्यमा विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>भरपाई नभएको- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं. ५३० २०७६/१२/०५ बाट विभिन्न समयमा वसेको वैठक भत्ता वापत हरी प्रसाद काफ्लेले वैंठकमा सहभागी भएका सहभागीहरुलाई वितरण गर्नका लागि भूक्तानी भएको रकम रु.२८६०००।— मध्ये विभिन्न ४ जना सहभागीहरुलाई भत्ता वितरण नगरेको देखिएकोले असुल गर्नुपर्ने रु.</td><td>५१००</td></tr>
<tr><td>३३.</td><td>न्यायिक समिति पदाधिकारी तलव- लुम्विनि प्रदेश अन्तर्गतका स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७७ को अनुसुचि मा उल्लिखित सुविधा मात्र पाउने व्यवस्था भएकोमा पालिकाले न्यायिक समितिका निम्नानुसारका पदाधिकारीहरुलाई पारीश्रमिक सुविधा उपलव्ध गराएकोले थप व्ययभार पर्न गएको रु.
<table>
<tr><td>क्र.स.</td><td>नाम थर</td><td>कर कट्टा गरी रकम वार्षिक भूक्तानी</td></tr>
<tr><td>१</td><td>गिता वलि क्षेत्री</td><td>५९४००.००</td></tr>
<tr><td>२</td><td>शंकर खड्का</td><td>९९४००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५८८००</td></tr>
</table></td><td>१५८८००</td></tr>
<tr><td>३४.</td><td>कानुनी सल्लाहकार र स्वकीय सचिव- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले कानुनी सल्लाहकार र स्वकीय सचिव गरी वार्षिक रुपमा पदमा कर्मचारीहरु करारमा राखी वार्षिक रु.७१७५५२।— भुक्तानी गरेको अनियमित देखएको रु.</td><td>७१७५५२</td></tr>
<tr><td>३५.</td><td>टेलिफोन सुविधा- - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा विभिन्न ४ पदमा काम गर्ने कर्मचारीको लागि टेलिफोन वापत वार्षिक रु.९००००।— भूक्तानी गरेकोले थप व्यय भार पर्न गएको रु.</td><td>९००००</td></tr>
<tr><td>३६.</td><td>वढी भूक्तानी- कर्मचारीलाई दशै भत्ता भुक्तानी गर्दा कर्मचारी संचय कोष रकम थप गरेर भुक्तानी गर्नु हुदैन । पालिकाले गो.भौ.नं. ११ मिति २०७६/०६/०७ बाट प्र.प्र.अ दशरथ वुढालाई चाडपर्व वापतको रकम भुक्तानी गर्दा कर्मचारी संचय कोष समेत थप भई भुक्तानी भएकोले वढि भूक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>४४४१</td></tr>
<tr><td>३७.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ। | |
| ३८. | **भ्यूटावर निर्माण** :<br>आर्थिक वर्ष २०७६।७७ को निति तथा कार्यक्रममा उल्लेख भएको नगरस्तरका गौरवका योजनामा रहोको वडा न ११ मा भ्यूटावर तथा घण्टा घर निर्माणका लागी रु ७४२०५२६८ को लागत अनुमान तयार भइ निर्माण व्यवसायि श्री यशोसियट जय भवानि जे भि संग रु ५८८४७४०० ।०० मा मिति २०७६।१०।२९ मा सम्झौता भइ कार्यसम्पन्न गर्ने म्याद २०७८।१०।२५ सम्म रहेको छ ।<br>यस वर्ष मोविलाइजेशन पेश्की रु १ करोड १५ लाख भुक्तानि भइ कार्य शुरु भएकोमा लेखापरीक्षण अवधि २०७८।९।२९ सम्म रु २४४९७७२२ भुक्तानि भएको छ भने सो को भौतिक प्रगति नगरपालिका वाट लेखापरीक्षणमा पेश भएन ।<br>स्थलगत अवलोकन गर्दा सो भौतिक संरचना नवौ तला सम्म ढलान भएको र अन्य कामहरु बाँकी देखिन्छ । यस अनुसार ठेक्कको म्याद भित्र सम्झौता अनुसारको काम सम्पन्न हुने अवस्था देखिएन ।<br>स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा उल्लेख भए अनुसार नगरपालिका ले आफ्नो क्षेत्र भित्रका योजना वनाउदा नेपाल सरकार र प्रदेश सरकारको निति लक्ष्य उदेश्य समय सिमा र प्रक्रिया सँग अनुकुल हुने गरी आर्थिक विकास र गरिवि निवारणमा योगदान पुग्ने उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने जनताको जिवनस्तर आम्दानि र रोजगारि वढने लगायतका विषयलाइ प्राथामिकता दिनु पर्ने भन्ने विषय उल्लेख भएकोमा ठुलो लागतमा भ्यूटावर निर्माण गरिनु भ्यूटावरको अवस्थिति वजार क्षेत्रमा रहेको सो को वरीपरी अन्य पर्यटकिय स्थल नरहेको र सो वाट प्राप्त हुने प्रतिफल समेत यकिन हुने अवस्था छैन तसर्थ नगरपालिका ले योजना छनौट गर्दा उत्पादन र रोजगारीमा वृद्धि हुने र दिगो प्रतिफल प्राप्त हुने योजना छनौट गरी सञ्चालन गर्नु पर्दछ । | |
| ३९. | **भेरियशन आदेश**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(१) मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसिकएको परिस्थति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा Variation order जारी गर्नुपर्ने व्यवस्था छ । ठे न ३२।२०७५।७६ गोलपार्कमा घण्टाघर निर्माणका लागी शुरु लागत अनुमान रु ५५२५४३९।०२ रहरेकोमा निर्माण व्यवसायी श्री जयभवानि निर्माण सेवा संग रु ५५१६२२२।७३ मा ठेक्का सम्झौता भइ आ र सि सि को परिमाण वृद्धिहुन गएको भनि ठेक्का रकमको १४।९९ प्रतिशत अर्थात रु ८२७३८०।५० को भेरीयशन आदेश स्वीकृत भएको छ । स्टिमेटको शुरुमानै अनुमान गर्न सकिने परिमाणमा एकै पटक १५ प्रतिशतले भेरीयशन आदेश जारी गर्नु नियमसम्मत देखिएन रु | ८२७३८० |
| ४०. | **आपत्तकालिन उद्धार समन्वय केन्द्रलाइ भुक्तानि**<br>गो भौ न २९७।०७६।१०।१३ मा कोहलपुर र वैजनाथ दुइ पालिका विच आफ्नो क्षेत्र भित्र आइपर्ने आपत्तकालिन उद्धारका लागी सयुक्त आपत्तकालिन उद्धार समन्वय केन्द्र स्थापना भइ छुट्टै कोष खडा गरिएकोकोमा इन्टरनेट जडान लगायतका कामको लागि रु १०९३०२०।००भुक्तानि खर्च लेखेको देखियो उक्त उद्धार समन्वय केन्द्र दुइ पालिका विच सम्झौता भइ गठन भएको छुट्टै निकाय भएकोले उक्त केन्द्रको खर्च नगरपालिका वाट लेखिएकोले उक्त रकम असुल हुनुपर्ने रु. | १०९३०२० |
| | **नगरपालिका पूँजीगत तर्फ -** | |

४१. **विमा**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम सम्झौता अन्यथा व्यवस्था भएको बाहेक रु १० लाख भन्दा बढीकी निर्माण कार्य गराउदा विमाको व्यवस्था गर्नु पर्दछ ।कार्यालयले विभिन्न योजाना अन्तरगत बोलपत्रबाट सञ्चालित कार्यमा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको पाइयो तर ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काका निर्माण व्यवसायीले निर्माण कार्य शूरु हुँदा विमा गरेको पाईएन ।नमुना परीक्षण गरीएका निम्न निर्माण कार्यको वील भुक्तानी गर्दा विमा नगरेको अवस्थामा विमा बापतको रकम भुक्तानी दिएकोले उक्त रकम निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु. २१६२३

| ठे न | निर्माण व्यवसायी | विमावापत भुक्तानी रु |
|---|---|---|
| ०९।७५।७६ | पिस कन्ट्रक्सन | ९६३० |
| ०८।७५।७६ | पिस कन्ट्रक्सन | ११९९३ |
| जम्मा | | २१६२३ |

४२. **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५अनुसार सार्वजनिक (१) निकायले आपुर्ति गरेका मालसाम सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएका सवै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । निर्माण व्यवसायीवाट हुने कार्यमा समेत पुर्ण रुपमा ऐनको पालना भएको देखिएन । नमुना छनौट गरिएको किस्नी मा वी बर्दहवा सडक कार्यका लागी पिस कन्ट्रक्सनलाई गुणस्तर परिक्षणवापत रु.२८५०० भुक्तानी दिएकोमा गुणस्तर परीक्षण गरेको नदेखिएकोले उक्त कार्यवापत भएको भुक्तानी असुल गर्नुपर्ने रु. २८५००

४३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गरिएका निम्न बस्तु तथा खरिदमा पालिकाले यो वर्ष पूँजीगत वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रु.९०९५५३९ को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु. ९०९५५३९

| भौ न र मिती | सामाग्री कार्य | सप्लार्यस | भुक्तानी रकम |
|---|---|---|---|
| १६।७६।६।८ | फोटोकपी मेशिन कार्टेज | निशान कम्प्यूटर | २३१५०० |
| | ट्याव १५ २ पटक | टेक्नोलोजि ईन्टरपाईजेज | ६५७००० |
| | कार्टेज पेनड्राईभ बेट्री | टेक्नोलोजि ईन्टरपाईजेज | ३२७१८४ |
| ७५।७६।१०।९ | ए सि | नितु ईलेक्ट्रोनिक्स | ४५९६८४ |
| १०७।७६।१०।९ | ए सि | नितु ईलेक्ट्रोनिक्स | १९७६७० |
| ५१।७६।०८।०४ | ट्याव यू पि एस कार्टेज | टेक्नोलिङ्क ईन्टरपाईजेज | ४८९३०० |
| १२८।७६।१२।५ | ल्याप्टप ५ | टेक्नोलिङ्क ईन्टरपाईजेज | ४७५००० |
| १४७।७७।१०।२२ | ल्याप्टप | निशान कम्प्यूटर | ११९७१४ |
| १८१।७७।२।२६ | ल्याप्टप | आउटलुक सप्लार्यस | १३०७७० |
| | | जम्मा | **३०८७८२२** |
| २३।७६।८।२६ | कुर्सी टेवल २ वील | एस एच स्टिल | ८०५००० |
| १०४।७६।११।१४ | कुर्सि र अन्य फर्निसिङ् | किशन फर्निसीङ् | ४५५१६३ |
| ९६।७६।१०।२८ | सोफा पलङ्ग | माता मनकामना फर्निचर | ४५१९९९ |
| १३३।७६।१२।५ | टेवल | सृजन फर्निचर | १९९०० |

| | | | |
|---|---|---|---|
| 172।७७।२।२३ | कुर्सी र टेवल | सनराईज फर्निचर | ४९०५१९ |
| १८०।७७।२।२६ | अफिस टेवल कुर्सी | युनेक एवम स्टील | ४७२५६६ |
| १००।७६।११।१४ | टेवल कुर्सी | क्लासिक सप्लार्यस | ४५७५३७ |
| | | **जम्मा** | **३१५२६८४** |
| ५३।७६।०८।५ | अल्मुनियम दराज | कविर फर्निसिङ् | ४८०१३२ |
| ५४।७६।०८।५ | अल्मुनियम दराज | अल्मुनियम स्टिल उद्योग | ४७०५४१ |
| ५८।७६।८।११ | अल्मुनियम दराज | यु पि भि सी एण्ड अ उद्योग | ४६६२२१ |
| ६६।७६।०९।२९ | अल्मुनियम पार्टेशन | यु पि भि सी एण्ड अ उद्योग | २३६६१० |
| ११३।७६।१२।१० | अल्मुनियम पार्टेशन | नव किरण सेवा | ४३८९१० |
| १४३।७७।०१।१२ | अल्मुनियम पार्टेशन | शिशु निर्माण सेवा | ३७३६५४ |
| ६०।७६।०८।११ | अल्मुनियम दराज | सुलभ अल्मुनियम उद्योग | ३८८९६५ |
| | | **जम्मा** | **२८५५०३३** |
| | | **कुल जम्मा** | **९०९५५३९** |

४४. **नापजाँच** सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम १२३ ख अनुसार सार्वजनिक निर्माण कार्यको प्राविधिक नापजाँच पश्चात वास्तविक कार्यसम्पन्न परिमाणको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकावाट बागेश्वरी क्याम्पस हल निर्माण कार्यका लागी शोभा लक्ष्मी कन्ट्रकसनलाई नापजाँच नगरी आर सि सि ढलानको निश्चित प्रतिशतका आधारमा परिमाण गणना गरी फलामे डण्डी परिमाण १०६६ के जी वापत रु.१०८४१२ भुक्तानी भएकोले बास्तविक नापजाँच बेगर भुक्तानी दिने कार्यमा सुधार गरी नापजाँच परीमाण खुल्ने नापी किताव पेश हुनुपर्ने रु. १०८४१२

क) सोही योजनामा ट्रस कार्यवापत नापजाँच परीमाण ३३९१ के जीमा १० प्रतिशत थप गरी ३३९ केजी ट्रसवापत रु ४९७९९ भुक्तानी भएकोले अतिरिक्त परिमाण थप गर्नुको प्राविधक पुस्टयाई पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. ४९७९९

४५. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सी.सी फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् -

| **गोभौनंतिमि/.** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३१।७६।२।२१ | कन्दी जाने बाटो कालोपत्रे उ स | कालोपत्रे | १५५०००० |
| ७८।७६।१०।१२ | खड्कवार सास्कृतिक भवन उ स | भवन निर्माण | २५००००० |
| ११७।२०७६।११।२८ | म्याम्प जाने बाटो नि उ स | पक्की बाटो | ५४८५३६ |
| २८५।७७।२१ | रामुडाडा बोरिङ् उ स | बोरिङ् निर्माण | २१०००० |
| ३९३।७७।३।३० | सानुडुडुवा पक्कि नाली निर्माण उ स | आर सि सि | १५५०००० |
| | किरण नाला देखी विकास नगर नाल निर्माण उ स | आर सि सि | ३५००००० |
| ४ ।७७।२।२५ | नेरा मावी भवन निर्माण उ स | भवन निर्माण | ९७०००० |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४६. **जिन्सी दाखिला** आर्थिक कार्यर्बिभधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७७ दफा ३९ अनुसार खरिदभएका सामाग्रीहरु ७ दिन भित्र जिन्सी आमदानी बाँध्नु पर्ने पालिकाले बागेशेवरी ह्युमपाईप उद्योगवाट खरिद गरेका ४५० र ९०० एम एम साईजका ४७.५ मिटर ह्युमपाईप जिन्सी दाखिला गरेको छैन । रु.४२३८९५ मुल्यका उक्त सामाग्री जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. ४२३८९५

४७. **पूर्व निर्धारीत क्षतिपूर्तीः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणबाट काममा ढिलाई भई म्याद थप गर्दा प्रति दिन ०.०५ प्रतिशतका दरले सम्झौता रकमको बढीमा १०% सम्म पूर्व निर्धारित क्षतिपूर्तिको व्यवस्था रहेको छ ।पालिकावाट सडक निर्माण

| | | |
|---|---|---|
| | कार्यका लागी नविन निर्माण सेवा सँग २०७६।३।१५मा कार्यसम्पन्न गर्ने गरी रु १६८०२०२को सम्झौता भएकोमा निर्माण व्यवसायीवाट २०७६।४।२ मा म्याद थपको निवेदन दिएको आधारमा मिति २०७६।९।२९मा ७६।१०।३० सम्म कार्यसम्पन्न गर्ने गरी म्याद थप भएको देखीन्छ । निर्माण व्यवसायीवाट काबू बाहिरको परिस्थितीका कारण अवधी थप गर्नु पर्ने भएमा ७ दिन अगाबै म्याद थपको निवेदन दिनु पर्नेमा अवधी समाप्ती मिती भन्दा १७ दिन पछी निवेदन दिएकोमा म्याद थप अघि निर्माण व्यवसायिवाट समयमा कार्य सम्पन्न गर्न प्रयास पहल गरे नगरेको सम्बन्धमा पालिकाले विश्लेशण गरेको छैन भने ढिलो निबेदन दिएकोमा समेत उक्त अवधीको हर्जना असुल गरेको छैन ।अत नियमावलीको व्यवस्था अनुरुप अवस्था विश्लेषण गरेरमात्र म्याद थप गरी ढिलो अवधीको हर्जना असुल गर्नुपर्ने रु. | १४२८१ |
| ४८. | **अमानतवाट कार्य** सार्वजनिक खरिद निमावली २०६४ को नियम ९८ अनुसार रु १००००० सम्मको निर्माण कार्य अमानत वाट गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले एकैकर्मचारी व्यक्तीवाट पटक पटक अमानतवाट कार्य गराएको पाईयो । अमानतवाट कार्य गराउदा स्विकृत लागत अनुमानकै दरवाट खर्च हुने हुदा प्रतिस्पर्धावाट हुने बचत रकम ब्ययभार पर्नुका साथै कार्यको गुणस्तरमा समेत विश्वत हुने देखिदैन । अत पालिकाले अति आवस्यक अवस्था सृजना नभई प्रतिसपर्धा सिमित हुने गरी एउटै ब्यक्तीवाट समेत अमानतवाट कार्य गराई खर्च लेखेको अनियमित देखिएको रु | १६१९७११ |

| गो भौ न मिती | वडा न | काम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| २०।७६।६।१४ | १० | ग्राभेल | वसचिव रामु के सी | ८६८७२ |
| २१।७६।६।१४ | ११ | ह्युमपाईप | मणिराम रिमाल | ९३३४३ |
| २४।७६।६।२९ | १२ | ग्राभेल | श्याम ब राना | ९९७५० |
| २८।७६।०७।६ | ६ | ग्राभेल | सुर्य प्रसाद आचार्य | ९११६८ |
| २९।७६।०७।७ | ६ | ग्राभेल | गोबिन्द प्र पौडेल | ८९८६५ |
| ३०।७६।७।७ | ६ | ग्राभेल | सुर्य प्रसाद आचार्य | ८३०२८ |
| ३२।७६।७।७ | ११ | ग्राभेल | प्रेम प्र के सी | २९६०० |
| ३५।७६।७।७ | १२ | ग्राभेल | श्याम राना | ३१३९५ |
| ४३।७६।७।२७ | ४ | ग्राभेल | केदार ब अधिकारी | ९७५१४ |
| ५६।७६।८।५ | ६ | फर्निचर निर्माण | दामोदर शर्मा | ५२११० |
| ५७।७६।८।५ | ६ | सडक निर्माण | सुर्य प्रसाद आचार्य | ७२००० |
| ५९।७६।८।११ | | खानेपानी योजना | स ई हरी प्र काफ्ले | ८७९३८ |
| ६४।७६।९।१७ | ६ | ग्रभेल | सुर्य प्रसाद आचार्य | ८२८६२ |
| १११।७६।११।१८ | ३ | ग्राभेल | धुमलाल थारु | ६७६८९ |
| ३९१।३।३१ | १२ | ग्राभेल | खकेन्द्र ब शाही | ६८८५५ |
| ४००।३।३१ | | फर्निचर खरिद | नविना थापा | ९४०८६ |
| ११०।७६ | १० | ग्राभेल | रामु के सी | ४९०३६ |
| ४१७।३।३१ | | ग्राभेल | हर्क बूढा | ९९०६७ |
| ३९४।३।३० | | ग्राभेल | गोपाल अधिकारी | ७८७९५ |
| ३५८।३।२८ | | ग्राभेल | केशर ब बुढा | ८३१२९ |
| ३५७।३।२८ | | ग्राभेल | ईन्द्र ब खत्री | ८१६०९ |
| | | | | १६१९७११ |

| | | |
|---|---|---|
| ४९. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित | |

अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३१।७६।७।२१ | कन्दी सम्म बाटो नि उ स | सडक कालोपत्रे | १६५०००० | जे सि बी | १२२५५४१ |
| ११७।७६।११।२८ | म्याम्प जाने सडक नि उ स | सडक निर्माण | ५००००० | जे सि बी | ५४४६१४ |

५०. **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. १३८२९

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| ४२०।३।३१ | डाईनामिक मा वी देखी हाईवे नाला निर्माण | ९०२२९७ | ८३०६९६ | १५ | १३८२९ |
| | | | | **जम्मा** | १३८२९ |

५१. **बधशाला निर्माण पहिलो प्याकेज** पालिको आर्थिक बर्ष २०७६।७७ को बार्षिक नीति तथा कार्यक्रम र बजेट अनुसार पालिका भित्र आधुनिक बधशाला निर्माण कार्यका लागी रु ३०२२४७५५ को लागत अनुमानका आधारमा २०७७।३।३० म्याद थप समेत सम्म कार्य सम्पन्न गर्ने गरी केशव शाह ओलि जे भि सँग २०७६।३।२७ मा रु २४३५५९३७ को सम्झौता भएकोमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् ।

- क) बधशाला निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार नगरी पहिलो प्याकेजको ठेक्का सम्झौता भएको छ ।पालिकाले डि पि आर गरेर मात्र ठेक्का प्रकृया शुरु गर्नु पर्दछ ।
- ख) पहिलो प्याकेज सम्झौतामा उल्लेख भएको निर्माण कार्य सामाग्रीको विमा नगराई कार्य सम्पन्न भएको छ । सम्झौता अनुसार बिमा गराउन पालिकाले ध्यान दिनु पर्दछ ।
- ग) सार्वजनिक निकायले खरिद सम्झौता गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको स्टयाण्डर्ड ढाँचामा नगराई १ पाने सम्झौता गरेको गरेको छ । तोकिएको ढाँचामा खरिद सम्झौता गर्नुपर्दछ ।

५२. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख

| | | |
|---|---|---|
| | गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ। | |
| ५३. | **लागत अनुमान घटाएर उपभोक्ता समितिलाई** सिमाभन्दा बढीको कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागतमा १३% मूल्य अभिवृद्धि कर, १५% ओभरहेड, ५% कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दा खुद मुल्याङ्कनमा मुअकर ओभरहेड र कन्टिन्जेन्सी समावेश गर्दा २.५% कन्टिन्जेन्सी मात्र थप गरी लागत अनुमान तयार गर्दा १ करोड भन्दा घटी देखाइ गरी उपभोक्ता समितिलाइ दिएको देखियो । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । | |
| ५४. | **नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book)) नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ । | |
| ५५. | **कार्यस्वीकार प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरेको देखिएन। लेखापरीक्षणमा समेटिएका केही निर्माण कार्यको उदाहरण देहाय अनुसार छन । अतः नियमावली अनुसार निर्माण कार्य सम्पन्न भई अन्तिम विलको भुक्तानी गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरिनु पर्दछ । | |
| ५६. | **कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्ययसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने | |

| | | |
|---|---|---|
| | अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ। | |
| ५७. | **गुणस्तर सुनिश्चितताः** निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवा र सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग गरिने विटुमिनको गुणस्तर परिक्षण गरेको छैन । उल्लिखित निर्माण सामाग्रीको Strength test कार्यालयले गराउन लगाएको पनि देखिएन । निर्माण सम्पन्न पश्चातसमेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन । सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग भएको विटुमिन लगायत सबै सामाग्रीको प्रयोगशाला परिक्षण गराई गुणस्तर सुनिश्चित गरिनु पर्दछ । | |
| ५८. | **खरिद इकाइ र खरिद योजनाः** सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७),(८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन । | |
| ५९. | **सशर्त कार्यक्रमतर्फः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ६०. | **तलबी प्रतिवेदनः-** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेखेको हुनु पर्दछ।पालिकाले यस वर्ष स्वास्थ्य सेवा तर्फ का कर्मचारीको तलवि प्रतिवेदन पारीत वेगर तलव भक्ता खर्च लेखेको देखीएकोले तलव र ग्रेड रकमको एकीन गर्न सकीएन । | |
| ६१. | **विद्यालयगत निकासा खाताः** अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । नगरपालिका ले आफु मातहत संचालनमा रहेका आधारभुत तथा माध्यमिक तहका बिद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको चौमासिक निकासा अभिलेख, अवकाश प्राप्त शिक्षकहरुको बिवरण र तोकिएको ढाँचामा विद्यालयगत निकासा खाता लगायतका अभिलेख राखेको नदेखीएकोले उक्त अभिलेखहरु तोकीएको ढाँचामा ब्यवस्थित गरी राखु पर्दछ। | |
| ६२. | **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको-** नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकासकेन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनु पर्ने कानूनी व्यवस्था छ । पालिकाले यस वर्ष पाठ्यपुस्तकतर्फ रु ४६१३२१२।०० र छात्रवृत्ती तर्फ रु २८८००००।०० अनुदान निकासा दिएकोमा निज विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन ।अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन सलग्न नहुदा तोकिएको शीर्षकमा खर्च भयो भएन एकिन गर्न सकिएन ।<br>विद्यालयहरुले सम्वन्धित छात्र छात्राहरुलाइ कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार उक्त अनुदान वितरण गरे नगरेको सम्वन्धमा पालिकाद्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ । | |
| ६३. | **विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानः** गो भौ न १८१।०७७।३।२६ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न ११.१.२.१. मा स्थानिय तह अन्तर्गत विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानिय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्य सम्पादन प्रतिवेदन तयार गराउने साथै अनुसूची ५ मा भएको चेकलिष्ट अनुसारको | |

| | | |
|---|---|---|
| | सामाजिक तथा वातावरणीय लेखाजोखा गराउने भन्ने व्यवस्था रहेको छ ।त्यसै गरी केन्द्र वाट उपलव्ध गराएको डिजाइन ड्इङ्ग तथा लागत आधारमा कार्यसमपन्न गर्ने गराउने व्यवस्था रहेकोमा नगरपालीकाले यस वर्ष विद्यालयभौतिक पूर्वाधार निर्माण अनुदानका लागी लक्ष्मी मा वि कोहलपुर २ वांके लाइ रु १५०००००।०० निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार सो को कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | १५००००० |
| ६४. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको विवरण माग भएकोमा सो सम्बन्धी विवरण प्राप्त नभएकाले सो सम्बन्धमा यकिन हुन सकेन । | |
| ६५. | २२१-०७७/३/३१ **सेनिटरी प्याड :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन शिलबन्दी दरभाउपत्रको माध्यमबाट छनौट गरी विराट इन्टरनेशल प्राली लाई प्रति पकेट रु.३४।९ (मूअकर वाहेक) का दरले ५५८०० प्याकेटको रु. २२००५८४।६० (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>**क)** नगरपालिका ले उक्त सेनिटरी प्याड विभिन्न सामुदायिक विद्यालयलाइ मिति २०७७।६।२३मा ५५६०८ प्याकेट वितरण गरेको देखीन्छ ।वितरण गर्न वाकी १९२ प्याकेट रु ७५७२।४८ को वितरण भरपाइको प्रमाण पेश गर्नुपर्ने रु<br>**ख.** सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।<br>कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ ३१ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । | ७५७२ |
| ६६. | **नमुना विद्यालयभवन निर्माण तर्फ :** नमुना विद्यालय भवन निर्माणको लागि त्रिभुवन माध्यामिक विद्यालयको लागी १ करोड ५० लाख वजेट व्यवस्था भएकोमा रु ९९८२६३४।६६ मा भवन निर्माणका लागि ठेक्का सम्झौता भइ वचत भएको रु ५०१७३६५।०० संघिय सरकारको शर्सत अनुदान भएकोले उक्त रकम फिर्ता हुनु पर्ने मा सो वाट विद्यालय व्यवस्थापन समितिको निर्णय भनि उपभोक्ता समिती मार्फत चमेना गृह निर्माण गरेको नियम सम्मत देखिएन रु | ५०१७३६५ |
| ६७. | कृष्णा मा वि कोहलपुर १ वाँके लाइ नमूना विद्यालय निर्माण साझेदारी सहयोग कार्यक्रमका लागी सामाजिक विकास डिभिजन वाके र यस नगरपालिका मार्फत व्यहोर्ने गरी रु ९३७५०००।०० मा सम्झौता भएकोमा नगरपालिका वाट जम्मा रु १८४६०७७।०० भुक्तानि गरेको देखीयो । उक्त कार्य सम्झौता अनुसार सम्पन्न भए नभएको समवन्धमा पालिकावाट प्रभावकारी अनुगमन निरीक्षण हुनु पर्दछ । | |
| ६८. | साना किसान उद्यमी सुदृढीकरण परियोजना सञ्चालनका लागी हेफर प्रोजेक्ट नेपाल र नगरपालिका विच २०७६।१०।०५ मा भएको सम्झौता (२०७६।१०।०५ देखी ०७८।३।१६) अनुसार कूल लागत रु १७७९८२५०।०० को ७५ प्रतिशतले हुने रकम नगरपालिका वाट उपलव्ध गराउने | |

<table>
<tr><td></td><td>व्यवस्था वमोजिम यस वर्ष रु ४२३०८२९।०० उपलब्ध भएकोमा उक्त संस्था द्धारा सम्झौता वमोजिम सम्पन्न भएका कार्य हरु को भौतिक र वित्तिय प्रगति प्रतिवेदन पेश हुनु पर्ने व्यववस्था भएको उक्त प्रतिवेदन पेश भएको नदेखिएकोले सम्झौता वमोजिम उक्त कार्य भए नभएको सम्वन्धमा एकीन हुन सकिएन ।</td><td></td></tr>
<tr><td>६९.</td><td>गो भौ न ०७६।११।१५ नगरसभा र कार्यपालिकाको निर्णय अनुसार नगरपालिका आउने सेवा ग्राहिलाइ सहयोग एंव सहजिकरणका लागि भनि वातावरण तथा ग्रामिण विकास केन्द्र र नगरपालिका विच २०७६।९।८ मा भएको सम्झौता अनुसार २०७९ असार मसान्त सम्मको म्याद दिइ उक्त संस्थालाइ यस वर्ष रु ४५७८६४६।०० भुक्तानि भएकोमा उक्त संस्था छनौटको प्रमाण लागत अनुमान र कार्य योजना समेत पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु</td><td>४५७८६४६</td></tr>
<tr><td>७०.</td><td>विद्यालय क्षेत्र विकास कार्यक्रम सि.नं. २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एंव कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान अन्तर्गत माध्यामिक विद्यालयमा पुस्ताकालय स्थापना तथा व्यवस्थापन शिक्षण सिकाइ ICT को प्रयोगको लागी ७ वटा विद्यालयलाइ रु १३६५०००।०० रकम निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विद्यालयहरुले सम्वन्धित कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसारको ल्याव स्थापन गरे नगरेको सम्वन्धमा पालिकाद्धारा प्रभावकारी अनुदानको अनुगमन र खर्चको प्रमाणहरु संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ खर्चका बील भरपाईहरु पेश हुनुपर्ने देखिएको रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>निकासा रकम</th></tr>
<tr><td>जनता माध्यामिक विद्यालय</td><td>ICT ल्याव</td><td>१९५०००.००</td></tr>
<tr><td>ज्ञान ज्योति माध्यामिक विद्यालय</td><td>ICT ल्याव</td><td>१९५०००.००</td></tr>
<tr><td>त्रिभुवन नमुन मा वि</td><td>ICT ल्याव</td><td>१९५०००.००</td></tr>
<tr><td>कृष्ण माध्यामिक विद्यालय</td><td>ICT ल्याव</td><td>१९५०००.००</td></tr>
<tr><td>लक्ष्मी माध्यमिक विद्यालय</td><td>ICT ल्याव</td><td>१९५०००.००</td></tr>
<tr><td>जनज्ञान ज्योति माध्यामिक विद्यालय</td><td>ICT ल्याव</td><td>१९५०००.००</td></tr>
<tr><td>सरस्वति माध्यामिक विद्यालय</td><td>ICT ल्याव</td><td>१९५०००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१३६५०००.००</td></tr>
</table></td><td>१३६५०००</td></tr>
<tr><td>७१.</td><td>ननफाइलर : अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो।कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गो, भौ, न</th><th>भुक्तानि पाउनेको नाम</th><th>भुक्तानि रकम</th><th>मू अ कर रकम</th><th>ननफाइलर रहेको मिति</th></tr>
<tr><td>१६३।०७७।३।४</td><td>मिसन अफसेट प्रालि</td><td>३९६६३।००</td><td>४५६३।००</td><td></td></tr>
<tr><td>२२०।०७७।३।३१</td><td>नविन निर्माण सेवा एण्ड सप्लायर्श</td><td>८८५४३९१।९१</td><td>१०१८७०६।८५</td><td>२०७७। ११</td></tr>
<tr><td>१९०।०७७।३।२८</td><td>शोभालक्ष्मी कन्स्ट्रक्सनल</td><td>५५३७०।००</td><td>६३७०।००</td><td></td></tr>
<tr><td>१९३।०७७।३।२८</td><td>नवदुर्गा डिजिटल प्रिन्टर्स</td><td>३५५०९।००</td><td>४०८५।१९</td><td></td></tr>
<tr><td>२९३।०७७।३।३१</td><td>इट्टा उधोग</td><td>८१३६०।००</td><td>९३६०।००</td><td></td></tr>
<tr><td>२९३।०७७।३।३१</td><td>जय माता तार जालि उधोग</td><td>१३९९९९।५८</td><td>१६१०६।१४</td><td></td></tr>
<tr><td>९।०७६।१०।१०</td><td>राष्ट्रमुखि निर्माण सेवा</td><td>१७४०००४।६१</td><td>२००१७७।५२</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२५९३६७</td><td></td></tr>
</table></td><td>१२५९३६७</td></tr>
<tr><td>७२.</td><td>वितरण भरपाइ पेश हुनुपर्ने - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात</td><td></td></tr>
</table>

र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ ।

(क) गो भौ न १३।०७६।११।०२ मा ८ वटा आधारभुत स्वास्थय सेवा केन्द्रहरुको लागि आवश्यक डेलिभरी टेवल लगायत अन्य सामाग्रि खरिद गरे वापत कृष्ण इन्टरनेशनल लाइ रु ३७९६८०।०० भुक्तानि गरेकोको मा सो सामान स्वास्थय सेवा केन्द्रहरुलाइ हस्तान्तरण गरेको भरपाइ पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु — ३७९६८०

(ख) १६।०७६।११।१५ आधारभूत स्वास्थय सेवा केन्द्रहरुको लागि ८ थान सामसुङ्ग फ्रिज खरीद वापत ए यच वि लाइ रु २४००००।०० भुक्तानि गरेकोमा सो सामान स्वास्थय केन्द्रहरुलाइ हस्तान्तरण गरेको भरपाइ पेश नभएकोले सो को प्रमाण पेश हुनु पर्ने रु — २४००००

७३. **नगरपालिका कृषि चालु**

**वितरणमुखी कार्यक्रमः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने मापदण्ड उल्लेख छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्नेछ । कार्यालयले व्यक्ति तथा संस्थालाई फाइदा पुग्ने गरी सामग्री खरिद गरेर वितरण गरेको देखिन्छ । विपन्न तथा लक्षित वर्गलाई फाइदा पुग्ने समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सृजना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी तथा कार्यालयले वितरणको कार्यविधि समेत तयार नगरी समूहको सिफारिस बेगर दामासाही वितरण गरेको, खरिद गरेको बिउबिजन कृषि अनुसन्धान परिषदले सिफारिस गरेको जात भए नभएको, कृषकको खरिद गर्न सक्ने क्षमतालाई समेत ध्यान नराखी तथा दिगो उपयोग र संरक्षणको व्यवस्था नगरी अनुदान दिने कार्य उचित देखिएन। यस पालिकाले वितरणमुखी कार्यक्रम तर्जुमा गरी खर्च गरेको केही उदाहरणहरू देहायबमोजिम छन्, यस्तो कार्य नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गोभौ नं./मिति | कार्यक्रमको नाम | सहयोगको विवरण | खर्च रु. |
|---|---|---|---|
| ३/२०७६।६।२८ | च्याउ खेती कार्यक्रम | ५० प्रतिशत अनुदानमा २२०० प्याकेट च्याउको बिउ वितरण गरेको | १३५७९० |
| ११/२०७६।८।११ | च्याउ खेती कार्यक्रम | च्याउको बिउ र बिउ राख्ने प्लाष्टिक झोला वितरण गरेको | १०१३८५ |
| २२/२०७६।९।२४ | च्याउ खेती कार्यक्रम | च्याउको बिउ खरिद गरी वितरण गरेको | १०७४३४ |
| ४७/२०७७।२।१९ | तरकारी, धान र गहुको बिउ विजन सहयोग कार्यक्रम | ७५ प्रतिशत अनुदानमा ८५०० केजी धानको बिउ वितरण गरेको | ३५०६२५ |
| ५९/२०७७।३।१९ | फलफूलको बिरूवा वितरण कार्यक्रम | शत प्रतिशत अनुदानमा फलफूलको बिरूवा वितरण गरेको | ४२३७५० |

७४. **बिल भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । उल्लेखित व्यवस्था बेगर कार्यालयले तरकारी, धान र गहुको बिउ बिजन सहयोग कार्यक्रम अन्तर्गत देहायबमोजिम खर्च लेखेकोमा वितरण गरेको भरपाई नदेखिएकाले सोको प्रमाण पेश गर्नुपर्ने रू. — ४३८००५

| गोभौ नं./मिति | बिल रकम | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| २/२०७६।६।१५ | १७४७६० | ८७३८० | ५० प्रतिशत अनुदानमा काउली, टमाटरलगायतका तरकारीको बिउ वितरण गरेको भरपाई नभएको । |
| ४७/२०७७।२।१९ | ४६७५०० | ३५०६२५ | ७५ प्रतिशत अनुदानमा ८५०० केजी धानको बिउ वितरण गरेको भरपाई नभएको |
| जम्मा | ६४२२६० | | |

७५. **नगरपालिका कृषि पुँजिगत**

**डिप बोरिङ्ग जडानः ६/२०७७।३।३१** यस नगरपालिका र सुनौलो कृषक समूहबीच ८५ प्रतिशत

| | | |
|---|---|---|
| | अनुदानमा व्यावसायिक कृषक समूहमा डिप बोरिङ्ग जडानका लागि मिति२०७७।२।६ मा भएको सम्झौता पत्रमा कृषक समूहले कुल लागतको कम्तीम १५ प्रतिशत व्यहोर्नुपर्ने र नगरपालिका ले लागत खर्च जतिसुकै भएपनि बढीमा रु.२२५०००।- मा नियमानुसार कर कट्टी गरी भुक्तानी गर्ने शर्त उल्लेख छ।नगरपालिका मा पेश भएका बिल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदनसमेतका आधारमा रू.२४०२०४।०२ बराबरको कार्य सम्पन्न भएको देखिन्छ।सम्झौताको शर्त अनुसार सुनौलो कृषक समूहले रु. २४०२०४।०२ को १५ प्रतिशतका दरले हुन आउने रु.३६०३०।६ व्यहोर्नुपर्ने र नगरपालिका ले उक्त पक्षको लागत सहभागिता कटाई बाँकी हुने रु.२०४१७३।४ मा नियमानुसार कर कट्टी गरी भुक्तानी दिनुपर्ने देखिन्छ ।पालिकाले यस कृषक समूहलाई नियमानुसारे लाग्ने कर रु. २९८९।- कट्टी गरी रु.२०११८४।- भुक्तानी गर्नुपर्नेमा रु.१०००००।- को पेश्की फछ्र्यौटसमेत रु. २३७२१५।- भुक्तानी गरेको देखिएकाले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३६०३१ |
| ७६. | **धरौटी तर्फ**<br>**घटी मू.अ.कर समायोजनः** आयकर ऐन २०५८ बमोजिम दर्ता भएका प्रत्येक व्यक्ति/व्यवसायीलै आफुले गरेको कारोबारको बास्तविक विवरण खुलाई आन्तरिक राजस्व विभागले तोकेको स्थानमा आय विवरण पेश गर्नुपर्दछ। कार्यालयले नाशा निर्माण सेवा(६०५०९४०९९) लाई आ.व. २०७४/७५ मा सडक कालोपत्रेको कार्य सम्पन्न बापतको भुक्तानीबाट कट्टी गरी राखेको धरौटी रकम रू.१४१७२२।- फिर्ता गरेकोमा पेश भएको आन्तरिक राजस्व कार्यालय, नेपालगन्जको च.नं. ५६१३ मिति २०७५।५।२१ को कर चुक्ता प्रमाण पत्रमा यस निर्माण सेवाको आ.व. २०७४/७५ मा जम्मा आय(कारोबार) रकम रु.१७९२२६७।- मात्र देखिन्छ। उक्त निर्माण सेवालाई भुक्तानी भएको बिलबाट धरौटीबापत कट्टा भएको ५ प्रतिशतका हिसाबले निजले यस नगरपालिका सँग मात्रै रु.२८३४४४०।- को कारोबार गरेको देखिन्छ। तसर्थ, नाशा निर्माण सेवाले कोहलपुर नगरपालिका लगायत अन्य पक्षसँग भएको आर्थिक कारोबार एकिन गर्न सकिएन् । घटी मू.अ.कर समायोजन सम्बन्धमा पालिकाले एकिन गर्नुपर्ने रु. | १४१७२२ |
| ७७. | **धरौटी सदरस्याहाः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा यस नगरपालिका को धरौटी बैंक खातामा नामनामेसी नखुलेको रू. २४१७७५।- जम्मा भएको देखिएकाले उक्त रकम सदरस्याहा गर्नुपर्ने रू. | २४१७५५ |
| ७८. | **धरौटी फिर्ताः** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १८ बमोजिम करदाताले प्रत्येक महिना बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिएबमोजिम कर विवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) र अर्थ मन्त्रालयको मिति २०६९।६।१७ को परिपत्र बमोजिम धरौटी फिर्ता गर्नुपर्दा सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपछि भुक्तानी दिनुपर्ने उल्लेख छ । नगरपालिका ले देहाय बमोजिमका निर्माण सेवा कम्पनीहरुलाई धरौटी फिर्ता गर्दा मुल्य अभिवृद्धि कर समायोजन प्रमाण बेगर भुक्तानी गरेको देखिएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु. | १४७०२८७ |

| गो।भौ।नं। | मिति | फर्मको नाम | धरौटी रकम |
|---|---|---|---|
| २ | २०७६।६।१३ | बस्तेकोटी निर्माण सेवा | २०६२३ |
| ३ | २०७६।६।१३ | एम.बि. बिल्डर्स | १६६९६७ |
| ४ | २०७६।६।१३ | पुर्ण निर्माण सेवा | ११९९५५ |
| ५ | २०७६।६।१३ | गौतम निर्माण सेवा एण्ड गौतम सप्लायर्स | १३२७०७ |
| ७ | २०७६।६।२७ | जय देवी एस-एस निर्माण सेवा | २९२१६० |
| ११ | २०७६।७।७ | जे.के. बिल्डर्स | १८९४६२ |
| १५ | २०७६।८।४ | गौतम निर्माण सेवा एण्ड गौतम सप्लायर्स | २१६६० |
| ४० | २०७७।२।१५ | के.आर. कन्स्ट्रक्सन | ३७९७९६ |

| | | | |
|---|---|---|---|
| | | | |
| ४८ | २०७७।३।१२ | नाशा निर्माण सेवा | १४६९५७ |
| जम्मा | | | १४७०२८७ |

७९. **नापी किताब र कार्यसम्पन्न प्रतिवेदनः** १५/२०७७।३।३१सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नगरपालिका ले केराबारी खानेपानी योजनाको लागि केराबारी खानेपानी योजना तथा सरसफाई उपभोक्ता समितिसँग मिति २०७७।३।११ मा सम्झौता गरी निर्माण कार्य गराएकोमा प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई रू.१४५९१२९ खर्च लेखेको देखिन्छ। तसर्थ, वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने तोकिएबमोजिम नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू. १४५९१२९

८०. **डीपीआर खर्च** —बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|
| नगरपालिका गार्डेन निर्माण सम्बन्धि | सम्भवी ईन्जिनियरिङ्ग कन्सल्टयान्टी | ४९३८१० | ४९३८१० |
| Surveying and Preparation of DPR of Bus Park at Kohalpur | ईन्जिनियरिङ्ग एण्ड एजुकेशनल सर्भिसेज प्रा.लि. | ६३३५०१ | ६३३५०१ |
| Detailed Engineering survey,Design and estimate of different road with side drain at kohalpur municipality | सुगी कन्सल्टयान्ट प्रा.लि. | ४१३२४१ | ४१३२४१ |
| Detailed Engineering survey,Design and estimate of Parsenipur to Rajhena Blacktop road with side drain at kohalpur municipality | एभरेष्ट ईन्जिनियरिङ्ग कन्सल्टयान्सी | ४२५७२७ | ४२५७२७ |
| Preparation of Detailed Project Report of Child Hospital | आवास ईन्जिनियरिङ्ग कन्सल्टयान्सी | ४९१५५० | ४९१५५० |
| Preparation of Detailed Project Report of Covered Hall | रिधान कन्सल्ट प्रा.लि. | ४६८९५० | ४६८९५० |
| Preparation of Detailed Project Report of Integrated Housing at Kohalpur | ई क्याच ईन्जिनियरिङ्ग कन्सल्टयान्सी प्रा.लि. | ४९७२०० | ४९७२०० |
| Preparation of Detailed Project Report of Tharu Museum and fun park | शर्मा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १४९७२५० | १४९७२५० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

८१. **नगरपालिका शिक्षा चालु**

**बढी निकासाः** २/२०७६।६।७ सार्वजनिक निकायले भुक्तानी दिदा पेश भएका बिल भरपाई लगायतका आवश्यक कागजातहरू रित पुगे नपुगेको जाँची जोडजम्मा गरी भुक्तानी दिनु पर्ने अंक ठहर्‍याई भुक्तानी दिनुपर्दछ।पालिकाले नगर शिक्षा अनुदानमा कार्यरत शिक्षकहरूको चाडपर्व खर्चसमेत प्रथम त्रैमासिक तलब निकासा गर्दा लक्ष्मी मा.वि. मा कार्यरत टंक के.सी. मासिक तलब रु.३०५०० मा महंगी भत्ता रु.२००० जोडी जम्मा रु. १२८००० विद्यालयको खातामा निकासा गर्नुपर्नेमा रु.१४४४७० निकासा गरेको देखिएकाले बढी निकासा गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. १४४४७०

८२. **नगरपालिका स्वास्थ्य- चालु**

| | | |
|---|---|---|
| | **थालेसेमिया विरामीहरुमा जीन म्यूटेशन सम्बन्धि अनुसन्धान कार्यक्रमः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. ४०/२०७७।३।२४ कोहलपुर नगरपालिका र कान्ति आरोग्य क्लिनिक, नेपालगन्ज बीच थालेसेमियाका बिरामीहरूमा जीन म्यूटेशनबारे अनुसन्धान कार्यक्रमका लागि मिति २०७६।१२।१ मा भएको सम्झौता पत्रमा कार्यक्रम सम्पन्न प्रतिवेदन पेश पछि सम्झौता रकम रु. १५०००० मा नियमानुसार कर कट्टी गरी भुक्तानी गरिने शर्त उल्लेख छ। नगरपालिका ले उक्त रकम कर कट्टी नगरी कार्यक्रम सम्पन्न प्रतिवेदन पेश नभई भुक्तानी दिएको देखिन्छ। तसर्थ, आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम कट्टी गर्नुपर्ने कर रकम रु.२२५० दाखिला गरेको प्रमाण र उक्त अनुसन्धान कार्यक्रमको सञ्चालन खर्च र उपलब्धि देखिने कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | २२५० |
| ८३. | **उपभोक्ताको योगदान** —सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र कार्यालयले ब्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको, जसमा कुल लागत भन्दा घटी लागतमा कार्य सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी दिनुपर्ने शर्त उल्लेख छ। तर कार्यालयले घटी लागतमा कार्यसम्पन्न भएको अवस्थामा नियमानुसार आनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १६५६६८ |
| ८४. | **स्थानीय साझेदारी पूर्वाधार विकास कार्यक्रम-** | |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम १५ मा यस नियमावली वमोजिम सञ्चालित कार्यक्रमहरु प्रभावकारी बनाउन स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परिक्षणका विधि अवलम्बन गरी सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सार्वजनिक परीक्षण गराएको देखिएन । अतः नियमावलीको अनुशरण गरिनु पर्दछ । | |
| | **सशर्त स्वास्थ्य तर्फ** | |
| ८५. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले रु १३७७९३७।०० को औषधि शिलबन्दी दरभाउपत्रको विधिबाट खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः | |
| | • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| | • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| | • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| | • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| | • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | • तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद | |

| | | |
|---|---|---|
| | गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **सामाजिक सुरक्षा** | |
| ८६. | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्किय रहेका लाभग्राहीहरुको वैक खाता समेतको अनुगमन निर्देशिका अनुसार गरिनु पर्दछ। | |
| | **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ । | |
| ८७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिका ले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष जनालाई रोजगारी उपलव्ध गराई रु ५०१३५१७।०० खर्च गरेको छ । लक्षित वर्गलाई प्रति व्यक्ति प्रति दिन २० दिनको दरले कूल ५४०० दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ८८. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । तर पालिकाले त्यसको अभिलेख राखेको छैन । | |
| ८९. | **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले | |

| | | |
|---|---|---|
| | सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । अतः ऐन अनुसार सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नु पर्ने देखिन्छ । | |
| ९०. | **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ९१. | **आन्तरीक लेखापरीक्षण (संघिय शशर्त अनुदान तर्फ -को.ले.नि.का. मार्फत)**— लुम्बिनी प्रदेश आर्थिक कार्याविधी ऐन २०७४ को दफा ३२ को उपदफा(४) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा संपरीक्षण गराई पेश गर्नुपर्ने व्यबस्था छ ।आ.ले.प. प्रतिवेदनमा समावेश भई हालसम्म फछ्र्यौट तथा संपरीक्षण नभएका व्यहोरा निम्नानुसार रहेको छ : | |
| ९२. | <u>*ब.उ.शि.नं.३६५००१०४३ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः-*</u><br>**गो.भौ.नं.१३ । २०७७-०३-१८** श्री दलित साँस्कृतिक संग्रहालय भवन निर्माण उपभोक्ता समितिले निर्माण कार्य कुल लागत अनुमान रु ४२८७०८२, न.पा.बाट रु ३८८०००० उ.स. योगदान रु ४०७०८२०गर्दा निम्नानुसारको व्यहोरा देखियो<br>• 600 mm dia NP3 HP7.50R m को प्रति Rm रु ८२८३ का दरले रु ६२१२२ भुक्तानी दिएको पाईयो।तर जिल्ला दररेटमा उक्त ह्युम पाइपको मुल्य रु ७३६५पाईयो।जिल्ला दररेट भन्दा अधिक रकम समावेश गरि मुल्यांकन गरेर भुक्तानी गरेको बढी मूल्य रु.६८८२।— असुल गर्नुपर्ने रु.<br>**गो.भौ.नं.१५ । २०७७-०३-२३** श्री बैजनाथ बबैखोला डाडाटोल सडक निर्माण उपभोक्ता समितिले निर्माण कार्य कुल लागत अनुमान रु १३६७८६४, न.पा.बाट रु ११६४००० उ.स. योगदान रु २०३८६५ गर्दा निम्नानुसारको व्यहोरा देखियो ।<br>• प्राविधिकले तयार गरेको उपभोक्ता समिति बिलमा जम्मा रु ९९८८४५।— को मूल्याँकन भएको जसमा न.पा.बाट रु ८६८९९५ र उपभोक्ता समिति योगदान १२९८५०।— मूल्याँकन गरेको पाईयो।लागत साझेदारी अनुपात अनुसार रु ९९८८४५।— को मूल्याँकनमा उपभोक्ता समितिको योगदान रु १४८८६६।— हुनुपर्नेमा रु १९०१६ न्यून योगदान भएको पाईयो।उपभोक्ता समितिको न्यून योगदान रकम अशुल हुनुपर्ने रु.<br>• लागत अनुमानमा नभएकोआइटम 900 mm dia NP3 HP अन्तिम मूल्याँकनमा समावेश गरी ५ Rm को प्रति रु १४३३६.६६ का दरले रु ७१६८३ भुक्तानी दिएको पाईयो।तर जिल्ला | ६८८२<br><br>१९०१६ |

| | | |
|---|---|---|
| | दररेटमा उक्त ह्युम पाइपको मुल्य रु १३०७०.७१पाईयो।जिल्ला दररेट भन्दा अधिक रकम समावेश गरि मुल्यांकन गरेर भुक्तानी गरेको बढी मूल्य रु ६३३०।— असुल गर्नुपर्ने रु. कार्यालयले यस ब.उ.शि.न. बाट कट्टी गरिएको कन्टिन्जेन्सी रकम कार्यालयको संचित कोष खातामा रकम ट्रान्सफर गरेको देखियो। | ६३३० |

| क.स | भुक्तानी आदेश नं. | कन्टिन्जेन्सी रकम |
|---|---|---|
| १ | ९०२५ | ३५४८४ |
| २ | ९०४७ | २९५६४ |
| ३ | ९०५७ | २७१८७ |
| जम्मा रकम रु | | ९२२३५ |

संचित कोष खातामा जम्मा गरिएको रकम रु.९२२३५।– अशुल गरी बेरुजु खातामा जम्मा गर्नुपर्ने रु. ९२२३५

| | | |
|---|---|---|
| ९३. | **मोबिलाईजेशन पेश्की -** सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार निर्माण व्यवसायिलाई दिएको निर्माण पेश्की सोही नियमावली अनुसार फछ्र्यौट भएको हुनुपर्दछ । कार्यालयले देहाय अनुसारको मोबिलाईजेशन पेश्की फछ्र्यौट नभई बाँकी रहेकाले नियमानुसार फछ्र्यौट हुनुपर्दछ । | |

| कार्य विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| बाबानगर चोक देखि मन्दिरसम्म जोडने बाटो करिव ३०० मिटर कालोपत्रे | ऋषी कन्स्ट्रक्सन | ३,००,००० |
| कृष्ण मा.बि. बर्दहवा हुदै राजमार्ग जोड्ने बाटो कालोपत्रे गर्ने क्रमागत | निशान बिल्डर्स | ५,४०,००० |
| वडा नम्बर १ कौशिला नगर ख लाईन बाटो कालोपत्रे क्रमागत | निशान बिल्डर्स | ५,९०,००० |
| महेन्द्र राजमार्ग ५ नम्बर वडा कार्यालय हुदै रझेना गाउँ जोड्ने सडक कालोपत्रे क्रमागत | निशान बिल्डर्स | ४,९३,००० |
| थारुगाउँ चोक हुदै शिवमन्दिर जाने सडक कालोपत्रे | शुभ आर्शिवाद कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३,८०,००० |
| रोहिणी टोलको भित्रि सडक पिच गर्ने | पिस कन्स्ट्रक्सन एण्ड बिल्डर सेवा | २,२५,००० |
| सुर्खेत रोड देखि बैजनाथपुर पुल सम्म जोड्ने सडक कालोपत्रे | पिस कन्स्ट्रक्सन एण्ड बिल्डर सेवा | २,६५,००० |
| समपुरक कोष | असोसीयट । जय भवानी जे भी | ४२,२८,९५६ |
| भ्यु टावर तथा घण्टाघर निर्माण क्रमागत | असोसीयट । जय भवानी जे भी | ७२,७१,०४४ |
| कोहलपुर रिङ्गरोड निर्माण | खड्का कृष्ण कन्स्ट्रक्सन | ३२,००,००० |
| | जम्मा | १७४९३००० |

| | | |
|---|---|---|
| ९४. | **पेश्की बाँकी** -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । कार्यालयबाट देहाय अनुसार संस्था, निर्माण व्यवसायीलाई,कर्मचारि तथा उपभोक्ता समितिलाई भुक्तानी भएको पेश्की रु.१३८५८९६८ म्याद नाघेको देखिन्छ । म्याद नाघेको पेश्की नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने रु. | १३८५८९६८ |

| कर्मचारीको नाम | पद | पेश्की रकम | विवरण |
|---|---|---|---|
| अग्निप्रसाद आचार्य | | ३०,००० | भैपरी आउने चालु खर्च |
| पुरुषोत्तम पोखेल | | ५,००,००० | बिपद व्यवस्थापन कोष |
| ऋषिराम धिताल | नायव सुव्वा | २,४९,७०० | समपुरक कोष थप |
| गिता चौधरी | नायव सुव्वा | ३,८७,२०० | समपुरक कोष थप |
| दामोदर शर्मा | नायव सुव्वा | १,५०,७०० | समपुरक कोष थप |
| प्रकाश खत्री | नायव सुव्वा | २,२०,००० | समपुरक कोष थप |
| बखत बहादुर कार्कि | नायव सुव्वा | २,२४,४०० | समपुरक कोष थप |
| मिन बहादुर बि.के. | नायव सुव्वा | ९२,४०० | समपुरक कोष थप |

| | | | |
|---|---|---|---|
| लक्ष्मी बिष्ट | नायव सुव्वा | १,३७,५०० | समपुरक कोष थप |
| श्याम बहादुर राना | नायव सुव्वा | ४,५६,५०० | समपुरक कोष थप |
| गिता चौधरी | नायव सुव्वा | १,००,००० | बालविवाह बालश्रम न्यूनिकरण सम्बन्धि सचेतनामूलक कार्यक्रम |
| गिता चौधरी | नायव सुव्वा | ५०,००० | लैंगिक हिंसा विरुद्द जनचेतना कार्यक्रम |
| गिता चौधरी | नायव सुव्वा | ५०,००० | महिला सशक्तिकरण सम्बन्धि कार्यक्रम |
| | जम्मा | २६४८४०० | |

•

| विवरण | संस्थाको नाम | पेश्की रकम |
|---|---|---|
| उद्धार राहात पुनर्स्थापन | कोहलुर-बैजनाथ संयुक्त जोखिम तथा आपतकालीन उद्धार शासन कार्यदल | ९,००,००० |
| बिद्यालय भुकम्पिय सुरक्षा कार्यक्रम क्रमागत | ज्ञानज्योती मा.बि.बगिया | १५,००,००० |
| पानी बिजुली | नेपाल बिद्युत प्राधिकरण | २,६७,२५१ |
| विद्युत पोल स्थानतरण गर्नको लागी | नेपाल बिद्युत प्राधिकरण | ५,३९,९०५ |
| ल्याण्डफिल्ड साइड निर्माण तथा दिशाजन्य लेदो पदार्थ व्यवस्थापन | सामाजिक तथा वातावरणीय बिकासका लागि युवा सम्बन्ध जाल(योनसेड) | १,९२,००० |
| नगरपालिकाको आवधिक योजना निर्माण | योदेन मिडिया | ५,००,००० |
| सिद्धार्थ आधारभुत बिद्यालय ४ कोठे भवन निर्माण | सिद्धार्थ आधारभुत विद्यालय | ७,८०,००० |
| ल्याण्डफिल्ड साइड निर्माण तथा दिशाजन्य लेदो पदार्थ व्यवस्थापन | ग्रिन कन्सल्टेन्सी | ६,२४,२१२ |
| | जम्मा | ५३०३३६८ |

| विवरण | उ.स.को नाम | पेश्की रकम |
|---|---|---|
| बिराट खानेपानी आयोजना | विरात खानेपानी पाइप विस्तार उ.स. | ४,००,००० |
| बागेश्वरी बहुमुखी क्याम्पसलाई पुर्वाधार निर्माण सहयोग | बागेश्वारी क्याम्पस भित्र बाटो पि.सि.सि. एंव मन्दिर जिर्णोद्धार मर्मत उपभोक्ता समिति | १,९४,००० |
| ार्गको डुडुवा देखि रोहिणी खोलासम्म ढल निर्माण क्रमागत | निबुवा चोकदेखि पश्चिम नाली निर्माण उपभोक्ता समिति | ८,७३,००० |
| चटार पुल निर्माण | चटार मन्दिर देखि ने.रा.आधारभुत विद्यालय हुँदै नहर सम्म पक्की नाला निर्माण उ.स. | ५,८२,००० |
| | जम्मा | २०४९००० |

•

| विवरण | कर्मचारीको नाम | पेश्की रकम |
|---|---|---|
| कृषि शाखाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | प्रमोद कुमार विश्वकर्मा | ७,००० |
| शैक्षिक गुणस्तर सुधार कार्ययोजना निर्माण तथा कार्यन्वयन | अनन्त कुमार पौड्याल | ८०,००० |
| शैक्षिक हव बिकास पुर्व तायरी | अनन्त कुमार पौड्याल | ८०,००० |
| सहकारीहरुको क्षमता विकास कार्यक्रम | सूर्य कुमारी चपाई | १,५०,००० |
| समपुरक कोष थप | केशर बहादुर पुन | ७२,६०० |
| समपुरक कोष थप | गुणराज भट्ट | ७,१५,००० |
| समपुरक कोष थप | चन्द्र कुमारी तिवारी | ३,४२,१०० |

| | | |
|---|---|---|
| समपुरक कोष थप | पुष्पा कुमारी वली | १०,३५,१०० |
| समपुरक कोष थप | बिश्व पौडेल | २,०३,५०० |
| समपुरक कोष थप | रमेश कुमार कँडेल | १,६६,१०० |
| समपुरक कोष थप | सुवास चन्द्र यादव | ४,२६,८०० |
| ने.रा.मा.वि.को फिल्ड फिलिङ्ग गर्ने | नर बहादुर महतारा | १,००,००० |
| बालश्रम न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम | नर बहादुर महतारा | १,००,००० |
| बालविवाह न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम | नर बहादुर महतारा | ५०,००० |
| जनजाती क्षमता नेतृत्व विकास तथा तालिम | नर बहादुर महतारा | ८०,००० |
| महिला शसक्तिकरण कार्यक्रम | नर बहादुर महतारा | १,००,००० |
| दलित शसक्तिकरण कार्यक्रम | नर बहादुर महतारा | ८०,००० |
| वडामा संचालित योजनाहरुको नियमित अनुगमन तथा निरिक्षण | नर बहादुर महतारा | २०,००० |
| योजनाहरुको सार्वजनिक परीक्षण तथा अन्तरक्रिया | नर बहादुर महतारा | ५०,००० |
| | जम्मा | ३८५८२०० |

**कोभिड-१९ महामारी नियन्त्रण तर्फ**

९५. **जोखिम आंकलन र पूर्व तयारीः-** कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।

९६. **आम्दानी र खर्चको विवरणः** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी २०७८ असार मसान्तसम्मको आम्दानी र खर्चको विवरण पेश गरेको छ ।कार्यालयले उपलव्ध गराएको विवरण निम्नानुसार रहेको छ ।

| बजेट र आम्दानीको स्रोत | २०७७ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संथानीय सञ्चित कोष बाट | ८,३१,६१६ | राहात वितरण | ११०३३७७९ |
| प्रदेश सञ्चित कोष बाट | ० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ६७२६१३ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | २,७६,०६,९८४.१८ | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ६८६८९० |
| संघीय कोभिड कोष बाट | ७,७४,९७५ | जनशक्ति परिचालन | ० |
| प्रदेश कोभिड कोषबाट | १५,००,००० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ३४९८७२२ |
| अन्य स्रोतबाट प्राप्त | १८,४६,८३६.९४ | स्वास्थ्य पूर्वाधार निर्माण | |
| | ० | अन्य शीर्षकमा भएको खर्च | ३४८५९६३ |
| **जम्मा** | ३२५६०४१२.१२ | **क. जम्मा ( प्रकोप व्य.को. बाट )** | **१९३७७९६७** |
| | | जनशक्ति परिचालन | ६८२९५३० |
| | | राहात पहिलो चरकणको | ५६५९६०० |
| | | **ख. जम्मा(चालु खर्च खाता बाट )** | **१२४८९१३०** |
| कुल जम्मा | ३२५६०४१२.१२ | कुल जम्मा खर्च (क+ख) | **३१८६७०९७** |

| | | |
|---|---|---|
| ९७. | **जोखिम भत्ता-** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु. तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी र प्रशासनिक कर्मचारी जम्मा १४० जना कर्मचारीको जोखिम भत्ताको रु.६८,२९,५३० खर्च लेखेको छ । | |
| ९८. | **क्वारेन्टिन र आइसोलेशन व्यवस्थापनः-** कार्यालयले कोभिड १९ को जोखिमयुक्त नागरिकको व्यवस्थापनको लागि क्वारेन्टिन तथा आइसोलेशन संचालन गर्ने मापदण्ड बनाएको हुनु पर्दछ । कार्यालयले क्वारेन्टीन तथा आइसोलेसन केन्द्र सञ्चालन गर्ने मापदण्ड देखिएन । लेखापरीक्षणको क्रममा स्वास्थ्य मन्त्रालयले जारी गरेको मापदण्डको अनुशरण गर्ने गरेको तर स्थानीय स्तरमा विद्यालयहरुमा क्वारेन्टीन राख्दा शौचालय, नुहाउने स्थान आदी अलग अलग हुने नगरेकोले मापदण्ड पालनामा समस्या रहेको जानकारी भयो । | |

## कोहलपुर नगरपालिका

## सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

**अनुसुची-१**

**(रु. हजारमा)**

| क.स. | स्थानिय तह | जिल्ला | आय | | | | | जम्मा आय | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाँडफाड रकम | आन्तरिक आय | अन्य आय | | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | कोहलपुर नगरपालिका | बाँके | ११७१२३ | ६०६१३३ | १११३४८ | १७४३७४ | १०७८२३ | ९९९६७८ | ५०९३२१ | ३७०४१५ | ४६३०२ | ९२६०३८ | १९०७६३ |

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**अनुसुची-२**

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | ३८ | ५६३१६ | ० | २ | ११५ | ६२ | ३६ | ५६२०१ | ३२१७ | २५४५५ | १३६७० | ० | ० | ३९१२५ | १३८५९ |

## अद्यावधिक बेरुजू स्थिति

**अनुसुची-३**

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | १८३७७२ | ० | ० | १८३७७२ | ० | ५६२०१ | २३९९७३ |